


# सिन्धुली जिल्लाको

# विपद्पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६

# (Disaster Prepardness and Response Plan 2076, Sindhuli)

विपद्पूर्वतयारी योजना निर्माण तथा प्रकाशनमा सहयोगी निकायहरु :

जिल्ला विपद्व्यवस्थापन समिति
सिन्धुली

नेपाल रेडक्रस सोसाइटी
सिन्धुली जिल्ला शाखा

नेपाल सरकार
गृह मन्त्रालय
प्रजिअ फोन : ०४७-५२०५३३
सप्रजिअ फोन : ५२०६१०
फ्याक्स : ५२०१३३

# जिल्ला प्रशासन कार्यालय

## सिन्धुली

मितिः- २०७६।०४।२८

शुभकामना ।

सिन्धुली जिल्लामा वर्षेनी घटिरहने तथा घट्नसक्ने प्राकृतिक तथा मानवीय विपद व्यवस्थापनको पूर्वतयारी देखि प्रतिकार्य, पुर्नस्थापनासम्मको कार्यलाई व्यवस्थित वनाउनको लागि विपद पुर्वतयारी तथा प्रतिकार्य योजना २०७६ तयार गरिएको छ । वि.स. २०६८ सालदेखि निरन्तर रुपमा प्रकाशन हुँदै आएको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ मा परिवर्तित सन्दर्भका पक्षहरुलाई समेत समावेश गरी अद्यावधिक गरिएको छ । विशेषतः सिन्धुली जिल्ला प्राकृतिक विपदको दृष्टिकोणवाट निकै जोखिमपूर्ण जिल्लाको रुपमा पर्दछ । खासगरी वाढी, पहिरो, चटयाङ्ग जस्ता प्राकृतिक विपदका घटनाहरुवाट वर्षेनी जनधनको क्षति भईरहेको छ । विपदवाट हुने क्षती न्यूनीकरण गर्न पूर्वतयारी तथा प्रतिकार्यका सवै चरणमा स्थानीय तहको सक्रियता, नेतृत्व, तथा सरोकारवाला निकायसंगको समन्वय आवश्यक देखिन्छ । विगतका अनुभवलाई समेत समेटेर यस क्षेत्रसंग सम्बन्धित तथा कार्य गरिरहेका गैर सरकारी संघ सस्थाहरु, सवै सुरक्षा निकाय, जिल्ला विपद व्यवस्थापन समितिका सदस्य तथा विज्ञ व्यक्तिहरुको राय सुझाववाट तयार गरिएको यो योजना विपदव्यवस्थापनको लागि मार्गदर्शन समेत हो । सम्वद्ध सवै निकायको समन्वय तथा सहयोगमा विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ को पूर्णरुपमा कार्यान्वयन भई प्रभावकारी रुपमा जिल्लाको विपद व्यवस्थापनको लागि जिल्ला विपद व्यवस्थापन समिति र मेरो व्यक्तिगत तर्फबाट विशेष अनुरोध गर्दछु ।

अन्तमा यो कार्ययोजना तयारी तथा प्रकाशनको लागि निरन्तर रुपमा लागी पर्ने नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखा सिन्धुली, गैर सरकारी संस्था महासंघ, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरु लगायत सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु ।

शुभमस्तु ।

जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी
एवं
अध्यक्ष
जिल्ला विपद व्यवस्थापन समिति
सिन्धुली

# विषय–सूची

**विषय**

**भाग १ : पृष्ठभूमि**

१.१ सिन्धुली जिल्ला एक परिचय
१.२ प्रतिकार्ययोजनाको उद्देश्य
१.३ प्रतिकार्यकार्ययोजनाको लक्षित समुह
१.४ प्रतिकार्ययोजना तर्जुमा प्रक्रिया र सहभागिता
१.५ प्रतिकार्ययोजनाको उपयोग र प्रयोग
१.६ प्रतिकार्ययोजनाको आवश्यकता तथा महत्व
१.७ प्रतिकार्ययोजनाका सीमा
१.८ प्रतिकार्ययोजनाको पुनरावलोकन

**भाग २ : सिन्धुली जिल्लामा विपद्को अवस्था तथा योजना तर्जुमा सम्वन्धि पूर्वानुमान**

२.१ सन्दर्भ सामाग्री पूनराबलोकनकानतिजा
२.२ दस्तावेजहरुको अध्ययन
२.३ बैठकका निर्णणहरु
२.४ विपद्को स्तरीकरण
२.५ नगरपालिका तथा गाउपालिकाको संकटाभिमुखता स्तरीकरण
२.६ जिल्लाका प्रमुख नदीनालाहरुको विवरण
२.७ यसवर्ष विपद्प्रभावित हुनसक्ने जनसंख्याको अनुमान
२.८ निकायगत भूमिका र जिम्मेबारी
२.९ क्षेत्रगत अगुवाहरु विवरण
२.१० नगरपालिका तथा गाउपालिकाको विवरण
२.११ एम्बुलेन्स तथा शववाहनसम्बन्धी विवरण
२.१२ सहयोगी निकायहरुमा अपुग देखिएका सामाग्री, स्रोत साधन र क्षमता
२.१३ सामान्य प्राथमिकता प्राप्त पूर्वतयारीार्य कार्य

**भाग ३ : पूर्वतयारी तथा सहयोग सम्वन्धी योजना**

३.१ क्षेत्र :सूचना, सर्वेक्षण तथा समन्वय
३.२ क्षेत्र : खोजतलास तथा उद्धार
३.३ क्षेत्र : आपतकालीन आवास तथा गैर खाद्य सामाग्री
३.४ क्षेत्र : कृषि तथा खाद्य
३.५ क्षेत्र : खानेपानी तथा सरसफाइ
३.६ क्षेत्र : स्वास्थ्य तथा पोषण
३.७ क्षेत्र : शिक्षा
३.८ क्षेत्र : संरक्षण
३.९ क्षेत्र : पूननिर्माण
अनुसूचीहरु

# भाग १ :

## पृष्ठभूमि :

हाम्रो जस्तो भुधरातलीय वनोट तथा स्वरुप भएको देशमा  मुलुकमा विपद्का घटनाहरु दिनानुदिन बढ्दै गइरहेका छन् । जलवायू परिवर्तनको कारणवाट आकस्मिक तथा वेमौसमी तथा नँया किसिमका विपदका घटनाहरु घटिरहेका छन् ।  जसवाट जनधनको क्षति पनि वर्षेनी वृद्धि हुदै गएको छ । यसरी आइरहने विपद्को सामना गर्न वर्तमान समयमा विपद्को मार खेपिरहेका समुदायको क्षमताको विकास गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखा परेको छ । राष्ट्रिय स्तरमा विपद्को सामना गर्ने क्षमताको केहि हद सम्म विकास भएता पनि त्यसले स्थानीय समुदायका समस्यालाई प्रत्यक्ष रुपमा सम्बोधन गर्न सक्ने सम्भावना कम रहने भएकोले स्थानीय तहमा विपद्को सामना गर्ने क्षमताको विकास भएमा त्यसले राष्ट्रिय क्षमतामा समेत सकारात्मक सहयोग मिल्ने यथार्थलाई नकार्न सकिँदैन । हरेक विकास योजनाप्रति समुदायको अपनत्वको भावना जागृत गर्न जनताको प्रत्यक्ष सहभागिताको प्रत्याभूति हुने किसिमले स्थानीय तहमा बनेका सहभागितामूलक योजनालाई समेटेर राष्ट्रिय योजना तर्जुमा गर्नुपर्दछ । अहिले संघीय संरचनाको अभ्याससँगसँगै विपद् व्यवस्थापनको नीतिनियमहरु निर्माण तथा संसोधनको चरणमा छ । संघ, प्रदेश तथा स्थानीय तहको नेपालको संविधान २०७२ ले तोकिदिएको अधिकारका सूचीभित्र विपद् व्यवस्थापनलाई समावेश गरेसँगै विपद् व्यवस्थापनको क्षेत्र तथा यसको मूलप्रवाहिकरणले व्यापकता पाएको छ । फलस्वरुप संघीय सरकारबाट विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ लागू गराई मातहतका सबै निकायहरुमा यसको प्रवेशलाई अनिवार्य गरेको छ । हरेक स्थानीय तहमा विपद व्यवस्थापन ऐन हुने र सोही ऐनका आधारमा निर्मित नीतिनियमहरुको आधारमा रही विपद्का सम्पूर्ण पक्षहरु सम्बोधन गर्ने गरी स्थानीय तहलाई नै जिम्मेबार बनाएको छ । सिन्धुली जिल्लाले पनि २०६८ सालदेखि नै नेपाल सरकारको निर्देशन तथा निर्देशिकाअनुसार जिल्लाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याएको छ र यसलाई हरेक वर्ष अध्यावधिक गर्दै आइरहेको छ । यस योजनाले विपद् पूर्व गर्नुपर्ने पूर्वतयारी, विपद् पश्चात् गरिने प्रतिकाय तथा पुर्नस्थापनाको  कार्यलाई क्षेत्रगत रुपमा जिम्मेबारी बाँडफाँट गरी समेट्ने प्रयास गर्दै आइरहेको छ ।

विपद्को स्थितिलाई हेर्दा पछिल्लोपटक २०७२ बैसाख १२ गते गएको बिनासकारी भूकम्प तथा त्यसपश्चातका पराकम्पनबाट सिन्धुली जिल्लामा पनि १५ जनाको मृत्यु, करिब २ सय ३० जना घाइते तथा करिब ४२ हजार भवनहरुमा क्षति पुगेको छ भने करिब १ लाख ९० हजार जनसंख्या प्रभावित भएको देखिन्छ । इतिहास पल्टाउने हो भने सिन्धुली जिल्लामा वि.सं १८९० को महाभुकम्प, वि.सं १९५९ को वाढी (यसलाई उनसठ्ठा पनि भन्दछन्) ले सिन्धुली माढी, मरिण खोला तथा कमलाखोँचको खेतियोग्य जमिनलाई व्यापक विनास गरेको थियो), वि.सं १९६६ मा सलहको आक्रमण (यस समयमा मरिणखोला र सिन्धुली माढीको सम्पुर्ण वालीहरु सलहले विनास गरेको थियो), वि.सं १९९० को महाभुकम्प (यसलाई नब्बे सालको भुँइचालो पनि भन्दछन्), वि.सं २००१ मा सिन्धुली जिल्लामा व्यापक असिनापात भएको, वि.सं २०११ को वाढी, वि.सं २०१२ को खडेरी र भोकमरी, वि.सं २०२३ मा फुटेको सेती पहिरो, वि.सं २०२७ मा आएको वाढी, वि.सं २०३८ मा आएको वाढी (यस समयको वाढीले १९५९ सालमा आएको वाढीले वढाएको खोलाको आयतन समान वनाएको थियो), वि.सं २०४१ को वाढी (यस बाढीले सिन्धुलीको विकास फड्कोलाई २० वर्ष पछाडी पारेको विश्वास गरिएको छ), वि.सं २०४५ को भुकम्प तथा  वि.सं २०५० र २०६१ मा आएको वाढीले यस जिल्लामा धेरै जनधनको क्षति गरेको थियो । *(श्रोत : जिल्ला पार्श्व चित्र २०७२, सिन्धुली)*

यस जिल्लाको उत्तरतर्फ महाभारत र दक्षिणतर्फको भुभाग चुरे पर्वत श्रृंखलामा पर्ने भएको कारणले प्रायः सबै भुभाग भिरालो किसिमको छ । भिरालो भएको कारणले वर्षातमा खहरे खोलाले एकतिर माथिल्लो क्षेत्रको माटोलाई बगाएर लैजान्छ भने अर्कोतिर चुरे पहाडबाट समेत वालुवा, गेग्ग्रानहरू बगाई दक्षिणतिर जोडिएका जिल्लाहरुको समथर क्षेत्रको भूमिमा लगि थुपारी दिने गर्दछन् । जसले गर्दा यस जिल्लाको भु-क्षयको अवस्था दिनप्रतिदिन बढ्दै गएको छ भने दक्षिणतिरका छिमेकी जिल्लाहरुका उब्जाउ भूमिहरू मरुभूमिमा परिणत हुँदै गएका छन् । यसका अतिरिक्त सिमानामा रहेका नदीहरुः- कोशी, रोशी, बागमती, तावा, मुख्य नदीहरु- कमला, मरिण, वाक्सु, चदाहा, बन्दिजोर, क्यानखोला, गौमती, गड्यौली, कोखाजोर, धनमना तथा अन्य नदीहरु( सिम्ले, वितिजोर, अरुण, ककुर लगायत ठुलासाना गरी यस जिल्लामा रहेका १४९ वटा खहरे, खोला तथा नदीहरुबाट आउने बाढीले जिल्लाका सबै गाबिसहरुमा ठूलो मात्रामा जनधनको क्षति तथा भूक्षय हुने गरेको छ । जिल्ला प्रशासन कार्यालय तथा नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखाले नियमित रुपमा वितरण गर्ने राहत सामाग्रीहरुको विवरण हेर्दा जिल्लामा आगलागी पनि विपद्को स्तरीकरणमा अगाडि नै देखिन्छ । २०७३ श्रावणदेखि २०७४ असारमसान्त सम्मको गैर खाद्य राहत वितरण विवरण हेर्दा ७७ घरधुरीमा आगलागी भएको देखिन्छ (सिन्धुली रेडक्रस, ४७ औं जिल्ला सभा विशेषाङ्क, २०७४) । आ.व. २०७५/७६ मा मात्रै जिल्ला प्रशासन कार्यालयवाट रु १३ लाख वरावरको रकम विपद वाट मृत्यु भएका नजिकका हकदार तथा विपद प्रभावितहरुलाई वितरण गरिएको छ । यसमा धैरै जसो आगलागी, हावाहुरी र चटयाङ्गका घटनाहरु धेरै रहेका छन् ।

सिन्धुली जिल्लाको विपद्को परिदृष्य हेर्दा जिल्लामा विपद्का घटनाहरु बारम्बार भइरहेको देखिन्छ । विपद्को समयमा निश्चय पनि प्रभावित व्यक्ति तथा समूदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जति सक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सक्दछ । विपद् परिसकेपछिको कार्यमा गरिने लगानी र प्रतिफल भन्दा विपद् पूर्व गरिने न्यूनीकरण र

पूर्वतयारी कार्य ६ गुणा सस्तो र प्रभावकारी हुन्छ भन्ने कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले जोखिममुक्त बनाउन भने कठिन छ तर पनि विपद् पूर्व गरिने न्यूनिकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनुपर्दछ र यस कार्ययोजनाको उद्देश्य पनि विपद्को समयमा तथा तत्पश्चातको अवस्थामा उत्पन्न हुने असहज अवस्थालाई सामान्य बनाउने कार्यलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्ने हो । त्यसैले विगतको अनुभवका आधारमा मानवीय सहयोगलाई व्यवस्थित बनाउन प्रतिकार्य योजना महत्वपूर्ण देखिएकोले जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुलीले यो विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना २०६८ अध्यावधिक गरी २०७६ तर्जुमा गरेको छ ।

## १.१ सिन्धुली जिल्लाको सामान्य परिचय :

परापूर्व कालदेखि नै आफ्नै छुट्टै पहिचान कायम राख्न सफल सिन्धुली जिल्ला संघीय नेपालको प्रदेश नं. ३ अन्तर्गत रहेको छ । ऐतिहासिक सम्पदा सिन्धुलीगढी दरबार रहेको जिल्ला भनेर परिचित सिन्धुलीलाई जुनारको जिल्ला भनेर पनि चिनिन्छ । दक्षिण एसियाकै नमुना बाटोको रुपमा बिपी राजमार्ग निर्माण भई सञ्चालनमा आए पश्चात् मध्यमाञ्चल अन्तर्गत पूर्वी तराईका जिल्लाहरु र पुर्वाञ्चल विकास क्षेत्रलाई राजधानीसँग जोडने प्रमुख द्वारको रूपमा विकसित भइरहेको छ ।

- भौगोलिक अवस्थिति :

| | |
|---|---|
| कुल क्षेत्रफल | : २४९१ वर्ग किमी |
| अक्षांश | : २६° ५५’ देखि २७°२२’ उत्तरी अक्षांश |
| देशान्तर | : ८५° १५’  देखि ८६° २५’ पूर्वी देशान्तर |
| उचाइ | : १६८ मिटरको उचाइदेखि २७९७ मिटरसम्म |
| लम्बाई | : १०६ किमी |
| चौडाइ | : २३.३ किमी |
| हावापानी | : बिषम (उष्ण, उपोष्ण र समशीतोष्ण) |
| वर्षात | : औषत् १४२० मिमि (सबैभन्दा उच्च ३५५४ मिमि) |
| तापक्रम | : ५.३ सेन्टिग्रेडदेखि २८.३ सेन्टिग्रेडसम्म |

- सिमाना

| | |
|---|---|
| पूर्व | : उदयपुर, सिराहा |
| पश्चिम | : रौतहट, मकवानपुर र काभ्रे |
| उत्तर | : रामेछाप, ओखलढुंगा |
| दक्षिण | : धनुषा, महोत्तरी, सर्लाही |

- **राजनैतिक/प्रशासनिक विभाजन**

| | |
|---|---|
| प्रदेश नं. | : ३ (तीन) |
| नगरपालिका | : २ |
| गाउँपालिका | : ७ |
| वडा | : ७९ |
| निर्वाचन क्षेत्र | |
| प्रतिनिधिसभा | : २ |
| प्रदेशसभा | : ४ |

- **भौगोलिक विभाजन**

सिन्धुली जिल्ला भौगोलिक हिसावले पहाडी प्रदेशमा पर्दछ । यसलाई भित्री मधेशको जिल्लाको रुपमा पनि राखिएको छ । यस जिल्लाको उत्तरी भागमा पश्चिमबाट पूर्वतिर बगेको सुनकोशी नदी, मध्यभागमा महाभारत श्रृङ्खला र दक्षिणमा जिल्लाको मध्यभाग हुँदै पश्चिम बगेको मरिनखोला र पूर्वदक्षिण हुँदै बगेको कमला नदी पर्दछ । विगतका विपदका घटना हेर्दा यस जिल्लामा वाढी पहिरो, आगलागीका घटनाहरु बढी घटने गर्दछन् । विपद्को हिसावमा बाढीले प्रभाव पार्ने क्षेत्रहरु निम्न छन् ।

***गढतीर क्षेत्र :*** महाभारत श्रृङ्खलाभन्दा उत्तरतिर अवस्थित रहेको तथा सुनकोशी नदीको किनारा क्षेत्रलाई गढतीर क्षेत्र भनिन्छ । सुनकोशी गाउँपालिका, गोलन्जोर गाउँपालिका र फिक्कल गाउँपालिकाका धेरै भूभागहरु यस क्षेत्रमा पर्दछन् । यस क्षेत्र तुलनात्मक रुपमा सुख्खा तथा भिरालो जमिन रहेको तथा खरको छानो भएको आवासहरु भएकाले आगलागीको खतरा अधिक तथा नदीको किनारा भएकोले बाढीको उच्च जोखिम क्षेत्र भित्र पर्दछ । भूउपयोगको हिसावले यो उब्जनी क्षेत्र पनि हो । यस क्षेत्रबाट मध्यपहाडी लोकमार्ग सञ्चालित भएसँगै सेवा तथा सुविधाको पहुँच पुगेको छ ।

***मरिण क्षेत्र :*** महाभारत श्रृङ्खलाभन्दा दक्षिण तथा सिन्धुली सदरमुकामभन्दा पश्चिम मरिण खोलाको आसपासमा रहेका घ्याङलेक गाउँपालिका, कमलामाई नगरपालिका वडा नं. १ र २ का केही भूभाग, मरिण गाउँपालिका तथा हरिहरपुरगढी गाउँपालिका यस क्षेत्र अन्तर्गत पर्दछन् । मरिण खोलाको उद्‌गम क्षेत्र घ्याङलेक गाउँपालिका वडा नं. २ देखि हरिहरपुरगढी गाउँपालिका वडा नं. ९ सम्मका क्षेत्र मरिण खोलाबाट प्रभावित क्षेत्र हुन् । उच्च उर्वर खेतीयोग्य जमिन कटान, भू-क्षय र मानवीय क्षतिको हिसावले यो क्षेत्र उच्च जोखिममा रहेको छ । चुरेक्षेत्रबाट निस्कने खहरेखोलाहरुले बर्षेनी धनजनको क्षति पुऱ्याउदै आएको छ । भूउपयोगको हिसावले यस क्षेत्रलाई उब्जनी क्षेत्रको रुपमा पनि चिनिन्छ । यस क्षेत्रमा रहेको ठूला-ठूला फाँटहरुबाट पर्याप्त मात्रामा उब्जनी हुने भए पनि यातायातको सुविधा भने हिउँदमा मात्र रहेको छ ।

***कमलाखोंज क्षेत्रः*** सिन्धुली सदरमुकामभन्दा पूर्व कमला नदी आसपासका बस्तीहरुलाई कमलाखोंज क्षेत्र भनिन्छ । यस क्षेत्र अन्तर्गत दुधौली नगरपालिका र कमलामाई नगरपालिका वडा नं. ९, १०, १३ र १४ का बस्तीहरु पर्दछन् । विशेष गरी बर्षात्को समयमा कमला नदीबाट त्यस क्षेत्रका बासिन्दाले हरेक वर्ष नोक्सानी बेहोर्दै आएका छन् । आवतजावतका हिसावले हालसम्म कुनै किसिमको पक्की पुल नहुनु, तथा आवश्यकता अनुसारको झोलुङ्गे पुल नहुनाले यस क्षेत्र बाढीबाट उच्च जोखिममा रहेको छ । कमलाखोंजलाई अन्न उब्जाउ हुने क्षेत्र हो । यहाँ रहेका ठुल्ठूला फाँटहरुबाट बर्षेनी ठूलो मात्रामा अन्न भण्डारण तथा वितरण हुने गरेको छ । यस क्षेत्रमा पनि यातायातको हिसावले हालसम्म पहुँच पुगिसकेको अवस्था छैन ।

***तीनपाटन क्षेत्र :*** सिन्धुली सदरमुकामभन्दा पूर्वमा रहेको तीनपाटन गाउँपालिकाको सम्पूर्ण भूभाग तीनपाटन क्षेत्रका नामले परिचित ठाउँ हो । चदाहा खोला र यसका सहायक खोलाहरुले हरेक बर्ष यस क्षेत्रमा धनजनको क्षति पुऱ्याइरहेको छ । विगतका वर्षमा जोखिमको हिसावले परिचित सेती पैरी पनि यस क्षेत्रमा नै पर्दछ ।

यसबाहेक सडक दुर्घटनाको हिसावले विपी राजमार्ग तथा मध्यपहाडी लोकमार्गका खण्डहरु अति नै संवेदनशील मार्गको रुपमा रहेका छन् । यस क्षेत्रमा हरेक दिन सानाठूला दुर्घटनाहरु भइरहन्छ ।

- **भू-उपयोग :**

सिन्धुली जिल्ला कुल क्षेत्रफलमध्ये मध्ये करिव ५६ प्रतिशत भूभाग वनजंगलले ढाकेको छ । त्यस बाहेक करिब ३० प्रतिशत मात्र खेतीयोग्य जमिन र ३ प्रतिशत बाँझो जमिन रहेको देखिन्छ । जिल्लाको करिब १६०१९१ हेक्टर (६४.८३) जमिन वनजंगल तथा बुट्यानले ढाकेको छ । सामान्यतयः यस जिल्लाको सम्पुर्ण भू-भाग पहाडले बनेको छ । यस क्षेत्रको भूमि खाद्य बालीका लागि खासै उत्तम नभएता पनि यो जिल्ला फलफुलमध्ये जुनारका लागि प्रसिद्ध मानिन्छ । यहाँ रहेको जंगल विनास बढ्दै गएकोमा सबैको चासो त्यस क्षेत्रमा गएको पाइन्छ । उत्तरको पहाडी क्षेत्रको भूमि त्यति उव्जाउ किसिमको छैन र यो क्षेत्रको धेरैजसो भूमि वनजंगल तथा वुट्यानले ढाकेको छ भिरालो जमिन भएकाले यहाँ पहिरो तथा भूक्षय हुने गरेको छ । २०२३ सालमा फुटेको सेती पहिरो यही क्षेत्रमा पर्दछ । अझ चुरे पर्वतमा पर्ने भू(भाग त बढी भिरालो धरातल कडा चट्टान र वालुवाले बनेकोले खेतीपातीको लागि उपयुक्त छैन । *(स्रोतः जिल्ला जनसंख्या पार्श्वचित्र, २०७०)*

- **भेषभुषा र रहनसहन :**

यस *जिल्लामा वाहुन क्षत्री, आदीवासी जनजाती तथा सिमान्धृत समुदायका हायू जस्ता जातीको समेत वसोवास रहेको पाईन्छ । सवभन्दा वढी जनजातीहरुको वाहुल्य रहेको हुँदा यँहाको* रहनसहनमा यिनीहरुको प्रभाव वढी परेको देखिन्छ । जनसाख्यिक हिसावले सवै भन्दा वढी तामाङ्गको वस्ती देखिन्छ । प्रायः वस्तिहरु (Settlements) एकै स्थानमा झुपुक्क परेर (Cohesively) रहेको देखिन्छ । अधिकांश घरहरु ढुङ्गा माटो र काठवाट निर्मित तथा काठ र खर, टायल प्रयोग गरी छाना छाइएको अवस्थामा पाइन्छन् । भेषभुषाको हकमा परम्परागत तथा आधुनिक दुवै किसिमका पहिरनहरु प्रयोग गरिन्छ कमिज, सुरुवाल, टोपी, पाइन्ट, पंगप, फरिया, पटुका, चोलो आदि प्रमुख वस्त्रहरु हुन ।

- **जातजाति, भाषाभाषी :**

जातीगत आधारबाट हेर्दा राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार सिन्धुली जिल्लामा पहिलो स्थानमा तामाङ जाती ७९५९० (२६.९% त्यसपछिका प्रमुख जातीहरुमा क्रमश मगर (१४%), क्षेत्री (१३.७%), ब्राम्ह्ण (७.८%), नेवार (६.३%), दनुवार (५.८%), कामी (४.६%) सार्की (३.६%), माझी (३.५%) आदी प्रमुख रहेका छन । यस जिल्लामा मातृ भाषा नेपाली बोल्नेको संख्या १२०१०९(४०.६%) सवै भन्दा बढी रहेको छ भने मातृभाषाहरुमा क्रमशः तामाङ, मगर, दनुवार आदि रहेका छन् । (स्रोत : राष्ट्रिय जनगणना, २०६८)

- **आर्थिक आधार :**

यस जिल्लाको आर्थिक पक्षको मुल आधार कृषि क्षेत्र नै हो । उद्योग र पर्यटन ब्यबसाय निकै न्युन रहेको छ । राष्ट्रिय कृषि गणना २०६८ अनुसार यहाँ ५१२३३ कृषि चलन अर्थात कृषक परिवार रहेका छन । मुख्य आन्दानी कृषि हुने कृषक परिवार ८३.५९% र कृषक परिवार प्रतिशत ८८.९८% रहेको छ । स्थायी बालीहरुमा, जुनार, सुन्तला कागती, आँप, केरा भुई कटहर

आदी प्रमुख रहेका छन । यो जिल्ला जुनार उत्पादनको लागि अरु जिल्लाहरुभन्दा निकै अगाडि रहेको छ । (स्रोत : राष्ट्रिय जनगणना, २०६८)

- **जनसंख्या सम्बन्धी विवरण :**

राष्ट्रिय जनगणना २०६८ अनुसार सिन्धुली जिल्लाको कुल जनसङ्ख्या २,९६,१९२ रहेको छ । यो संख्याले नेपालको कुल जनसंख्याको १.१२ प्रतिशत अंशको प्रतिनिधित्व गर्दछ । कुल जनसंख्यामध्ये पुरुष १,४२,१२३ जना र महिला १,५४,०६९ जना रहेको छ । कुल ५७,५८१ परिवारहरुमा प्रति परिवार लगभग ५.१४ जना सदस्यहरु रहेको पाइन्छ । पारिवारिक वनावटको हिसावमा ५ जना मात्र सदस्यहरु भएको परिवार सङ्ख्या सवैभन्दा धेरै रहेको देखिन्छ । यस जिल्लाको औषत बार्षिक जनसङ्ख्या वृद्धिदर ०.५८ प्रतिशत रहेको छ । धर्म अनुसार जनसंख्या वितरणमा ६४ प्रतिशतभन्दा धेरै हिस्सा हिन्दू धर्मावलम्वीले ओगटेको छ ।

**जनसंख्यासम्बन्धी विवतरण**

| क्र.स. | विवरण | जनगणना २०६८ |
|---|---|---|
| १ | जम्मा जनसंख्या | २९६१९२ |
| २ | महिलाको जनसंख्या | १५४०६९ |
| ३ | पुरुषको जनसंख्या | १४२१२३ |
| ४ | लैगिंक अनुपात(प्रति सय महिलामा पुरुष) | ९२.२४ |
| ५ | घर परिवार संख्या | ५७५८१ |
| ६ | औषत परिवार संख्या | ५.१४ |
| ७ | वार्षिक जनसंख्या वृद्धि दर | ०.५७ |
| ८ | शहरी जनसंख्या र प्रतिशत | ३९४१३ (१३.३%) |
| ९ | ग्रामिण जनसंख्या र प्रतिशत | २५६७७९ (८७.७%) |
| १० | जन घनत्व (जना प्रति बर्ग कि.मि.) | ११९ |
| ११ | विदेश गएकाहरुको कुल जनसंख्या र प्रतिशत | १५२८७ (५.१६%) |
| १२ | अपाङ्गताको संख्या | ६४६६ |
| १३ | आश्रित अनुपात | ८९.२० |
| १४ | वाल आश्रित अनुपात | ७४.१४ |
| १५ | बृद्ध आश्रित अनुपात | १५.०७ |

स्रोत : राष्ट्रिय जनगणना, २०६८

**गाउँपालिका तथा नगरपालिकाअन्तर्गत रहेका जनसंख्या विवरण :**

| विवरण | दुधौली नपा | कमलामाई नपा | तिनपाटन गापा | फिक्कल गापा | गोलन्जोर गापा | सुनकोशी गापा | घ्याङलेक गापा | मरिण गापा | हरिहरपुर गढी गापा |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा जनसंख्या | ६५३०२ | ६४३६६ | ३६४०५ | १६९६८ | १९३२९ | २१४७३ | १३७६१ | २७८२२ | २७७२७ |
| महिलाको जनसंख्या | ३४२९८ | ३३९२४ | १९०२९ | ८८२५ | ९९२९ | ११४८५ | ७२९० | १४५४० | १४४५२ |
| पुरुषको जनसंख्या | ३१००४ | ३०४६२ | १७३७६ | ८१४३ | ९४०० | ९९८८ | ६४७१ | १३२८२ | १३२७५ |
| लैगिंक अनुपात (प्रति सय महिलामा पुरुष) | ९०.४० | ८९.७९ | ९१.३१ | ९२.२७ | ९४.६७ | ८६.९७ | ८८.७७ | ९१.३५ | ९१.८६ |
| घर परिवार संख्या | १३१६४ | १४३१५ | ६८७९ | ३०३५ | ३६८१ | ४५७ | २४५७ | ४८७० | ४५८६ |
| औषत परिवार संख्या | ४.९६ | ४.५० | ५.२९ | ५.५९ | ५.२५ | ४.७१ | ५.६० | ५.७१ | ६.०५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जन घनत्व (जना प्रति बर्ग कि.मि.) | १६३ | १५९ | ८९.९१ | ९१.७० | १००.६७ | १४४ | ८९.२७ | ८३.३८ | ८०.८४ |
| विदेश गएकाहरुको कुल जनसंख्या र प्रतिशत | ३३९३ | ३२९८ | १५७९ | ७२९ | ६९२ | | ११७१ | १७०३ | १७९४ |
| अपाङ्गताको संख्या | ११०८ | १४८७ | ६५५ | ३५८ | ५८४ | ४३० | २९२ | ७४५ | ८०७ |
| वाल आश्रित संख्या | ६८९६ | ५७६९ | ३५१३ | २०८६ | १८२७ | १८०७ | २१२७ | ३२३९ | ३२२२ |
| बृद्ध आश्रित संख्या | २२९९ | २४८७ | १३७६ | ५८२ | ८४९ | १०६२ | ३६४ | ७३६ | ६७४ |

स्रोत : सिन्धुलीका स्थानीय तह वस्तुगत विवरण, २०७४

### १.२ प्रतिकार्य योजनाको उद्देश्य :

विपद्बाट प्रभावित भई सम्भावित क्षति हुन सक्ने अवस्थाबाट समुदायलाई जोगाउनु र प्रभावित भएका समुदायलाई स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै तत्काल राहत तथा उद्धार सेवा प्रदान गर्नु साथै विभिन्न क्षेत्रसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी तथा जवाफदेहितायुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मुख्य उद्देश्य हो ।

- **प्रतिकार्य योजनाको विशिष्ट उद्देश्य** :
  - मानवीय सहयोगका लागि *पहिले नै उपयुक्त तथा* पर्याप्त पूर्वतयारी तथा सहयोग योजनाको तर्जुमा गर्नु,
  - विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सेवा प्रदान गर्नु,
  - विपद्बाट प्रभावित समुदायलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग उपलब्ध गराउनु,
  - उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधन-स्रोतको खोजी गरी नेपाल सरकार र जिल्ला विपद व्यवस्थापन समितिबाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा सङ्घसंस्थासँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु,
  - विपदवाट हुने मानवीय असरहरूलाई कम गर्नका लागि विपद्बाट प्रभावित मानिसहरूका आवश्यकताहरू परिपूर्ति गर्नका निमित्त समयमा नै समान तथा समन्वयात्मक सहयोग उपलब्ध गराउने कुरा सुनिश्चित गरेर जिल्ला विपद व्यवस्थापन समिति  मार्फत नेपाल सरकारलाई सहयोग उपलब्ध गराउनु ।
  - कुनै पनि मानवीय सहयोग मानवीय सिद्धान्त अर्थात् मानवता, निष्पक्षता तथा,अविभेद, तटस्थताको सिदान्त बमोजिम उपलब्ध गराउनु ।

### १.३ प्रतिकार्य योजनाको लक्षित समूह :

यस कार्ययोजनाका लक्षित समूहहरु निम्न अनुसार हुनेछन् :
सिन्धुली जिल्लाका ५७५८१ घरधुरीमा बसोबास गर्ने २,९६,१९२ जना स्थानीय बासिन्दाहरु नै यस योजनाको मुख्य लक्षित समुदाय हुन् । विपदवाट वढी प्रभावित तथा जोखिममा रहेका महिला, वालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु विशेष प्राथमिकता तथा लक्षित समूहमा पर्दछन् । यससँगै अन्य जिल्लाबाट विभिन्न पेशा व्यवसायमा संलग्न भई यस जिल्लाभित्र बसोबास गर्ने व्यक्तिहरु पनि लक्षित समुहभित्र पर्दछन् ।

योजना कार्यान्वयनमा संलग्न हुने निकायहरुमा जिल्ला विपद व्यवस्थापन समिति तथा क्षेत्रगत सदस्यहरु साथै जिल्ला विपद् व्यवस्थापन समितिका योजनाहरुलाई कार्यान्वयन गर्न प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्ने विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, प्रदेश विपद व्यवस्थापन समिति, राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्था, दातृ निकाय तथा समुदाय तथा सामुदायिक संगठन,  निजी क्षेत्रहरुसमेत पर्दछन् ।

### १.४ प्रतिकार्य योजना तर्जुमा प्रक्रिया र सहभागिता

जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल गरी पहिलो चरणमा प्रारम्भिक विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिमार्जन तथा अध्यावधिक प्रकृया अन्तर्गत सुरुमा जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुलीले सबै सरोकारवाला निकायहरुको उपस्थितिमा प्रारम्भिक कार्यशाला गरी तीन सदस्यीय कार्ययोजना परिमार्जन समिति बनाई क्षेत्रगत समुहहरुलाई आफ्नो क्षेत्रको प्रतिकार्य योजना तथा स्रोत आंकलनलाई अध्यावधिक गर्ने कार्य सम्पन्न भयो । तत्पश्चात् क्षेत्रगत समुहहरुलाई छलफल गराई क्षेत्रगत कार्ययोजनालाई अन्तिम रुप दिई जिल्ला विपद व्यवस्थापन समितिमा पठाउने काम भयो । तर क्षेत्रगत समुहको नेतृत्व गर्ने जिल्लास्थित केही सरकारी निकायहरु संघीय संरचनाअनुसार प्रदेश तथा स्थानीय तहमा रहेकाले यस अध्यावधिक प्रतिकार्य

योजनामा जिल्ला प्रशासन कार्यालयभन्दा बाहेकका सरकारी निकायहरुलाई निस्कृय बनाइएको छ र उक्त क्षेत्रहरुलाई सम्बन्धित स्थानीय तहले नै नेतृत्व गर्ने गरी कार्ययोजनालाई अन्तिम कार्यशाला गोष्ठी सम्पन्न गरी अध्यावधिक गरिएको छ ।

## १.५ प्रतिकार्य योजनाको उपयोग र प्रयोग

सकेसम्म् विपद्को सामना कसैले गर्नु नपरोस्, धनजनको क्षति नहोस् भन्ने नै हो तर विपद् कुनै न कुनै कारणले आइ नै हाल्दछ । विपद् आइपरेपछि फेरि पनि पुरानै परम्परागत तरिकाले प्रतिकार्य गर्नु अहिलेको परिस्थितिमा निकै लज्जास्पद विषय हो । त्यसैले सम्भावित विपद्हरुको सामना गर्न तथा सहज तरिकाले सामान्य अवस्थामा फर्काउन कस्ले, कहाँ, कसरी, कहिले के गर्न सकिन्छ भन्ने योजना आवश्यक हुन्छ । विपद पूर्वतयारी तथा प्रतिकार्य योजना यस्तै एक आकस्मिक परिस्थितिका लागि निर्माण गरिएकोले विपद् पर्न साथ यो योजना सक्रिय हुन्छ । जिल्लाभित्र संचालन गरिने विपद् पूर्वतयारीका गतिविधिहरु सञ्चालन गर्न तथा गैरसरकारी संस्थाहरुलाई विपद् व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन तथा परिचालनको स्वीकृति दिन पनि यो योजना उपयोगी हुन्छ । साथै स्थानीय तहले विकास तथा विपदका योजनाहरु बनाउदाको समयमा पनि यो योजना उपयोगी हुन्छ । सबै सरोकारवाला निकायहरुले एक आपसमा समन्वयमा रही आ आफ्नो जिम्मेवारी अनुसारको प्रतिकायको कार्य गर्न यो कार्य योजनाले सहयोग पुरयाउनेछ ।

## १.६ प्रतिकार्य योजनाको आवश्यकता तथा महत्व

विपद् व्यवस्थापनभित्र गरिने विभिन्न चरणका कार्यमध्ये आपत्कालीन योजना विपद् परे लगत्तै स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । विपद्को समय ज्यादै संवेदनशील भएकोले यस समयमा गर्ने मानवीय सहयोगका कार्यले पनि महत्वपूर्ण स्थान ओगटेको हुन्छ । यसकारण यस योजनाको निकै ठूलो महत्व रहेको यथार्थलाई अस्वीकार गर्न सकिँदैन । त्यसैले यस प्रतिकार्य योजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ । आपत्कालीन योजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टि गर्दछ :

- योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सूनिश्चितता दिन्छ ।
- विपद्को जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन प्रेरणा दिन्छ ।
- पीडित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
- उद्धार र राहतजस्ता कार्यमा पीडित तथा लक्षित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्छ ।
- सरोकारवाला निकायमा एक आपसमा समन्वय तथा जिम्मेवारीमा स्पष्टता भई विपद व्यवस्थापनको कार्य प्रभावकारी हुन्छ ।
- खानेपानी, सरसफाइ र स्वास्थ्य प्रबर्द्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- स्रोतको सही सदुपयोग गरी पीडित समुदायलाई विपद्को पीडाबाट मुक्ति दिने बाटो तयार गर्छ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवा प्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

## १.७. प्रतिकार्य योजनाका सीमा

प्रतिकार्य योजनाको प्रभावकारी रुपमा कार्यान्वयनको लागि देहायका सिमाहरु रहनसक्छन् ।

- यो कार्ययोजना विकास निर्माणसँग सम्बन्धित नभएर विपद्को समयमा मात्र कार्यान्वयनमा आउने भएकाले विपद नपरेमा यसका सबै प्रावधान निस्कृय रहन सक्नेछन् ।
- कार्ययोजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताअनुरुप क्षेत्रगत (Cluster) अवधारणा अन्तर्गत तर्जूमा गरिएको छ । साथै तथ्याङ्क संकलन र आवश्यकता पहिचानका लागि बहुक्षेत्रिय द्रुत लेखाजोखा अपनाउने योजनाले निर्धारण गरे पनि सो अनुरुपको जनशक्ति जिल्लामा अभाव हुन सक्नेछ ।
- विपद् परिहालेको अवस्थामा कार्ययोजनाअनुरुप मानवीय सहयोग उपलब्ध गराउन जिल्ला जिल्ला विपद व्यवस्थापन समितिसंग स्रोतको अभाव हुने भएकाले कार्ययोजना अनुरुप विपद् प्रतिकार्यका कार्यक्रम सञ्चालन गर्न अन्य निकाय र केन्द्रको भर पर्नु पर्ने हुन्छ ।
- प्रतिकार्य योजनाको कार्यान्वयनका लागि क्षेत्रगत रुपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसको लागि स्रोतका खोजी गर्नु पर्ने अवस्था रहन्छ, जुन उपलब्ध हुन्छ भन्ने अहिले नै निर्क्योल गर्न सकिँदैन ।
- जिल्लाको विपद्को सबभन्दा खराब परिस्थितिलाई अनुमान गरी बनाइएको हुँदा यसमा उल्लिखित क्रियाकलाप तथा बजेट महत्वकांक्षी रहेको ।

- स्थानीयतहवाट विपद व्यस्थापनको क्षेत्रमा भएका कार्यमा एकरुपता कायम गर्न कठिनाई हुनु ।

- नया संरचना अनुसार विगतमा जिल्लास्थित कार्यालयवाट गरिदै आएका क्षेत्रगत अवधारणालाई परिवर्तित सन्दर्भमा प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु ।

## १.८ कार्ययोजनाको पुनरावलोकन

जिल्लाको बदलिँदो परिस्थिति, उपलब्ध स्रोत तथा साधन, मानव संसाधनको समेत विश्लेषण गरी यस कार्य योजनालाई हरेक वर्ष पुनरावलोकन गरिनेछ । विपद्का घटनाहरुबाट पारेका असरहरुमा कार्ययोजनाले सम्बोधन गर्न नसकिएका खाडलहरुलाई पुर्नका लागि कार्ययोजनाको पुनरावलोकन जिल्ला विपद व्यवस्थापन समिति, सिन्धुलीले सबै क्षेत्र सदस्यहरु तथा सरोकारवाला निकायहरुसँगको समन्वय तथा सहकार्यमा क्षेत्र समुहहरुबाट अध्यावधिक गर्दै अन्तमा समग्र प्रतिकार्य योजना अध्यावधिक गरिनेछ ।

# भाग : २

# विपद्को अवस्था तथा योजना तर्जूमा सम्बन्धी पूर्वाअनुमान

**२.१ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजाः**

अन्तराष्ट्रिय अभ्यासहरुलाई आत्मसात् गर्दै नेपालले पनि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा गर्ने कार्य विगत केही वर्षदेखि गर्दै आइरहेको छ । विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद (तत्कालिन केन्द्रीय दैवीप्रकोप उद्धार समिति) बाट प्राप्त निर्देशिका अनुसार जिल्ला विपद व्यवस्थापन समिति सिन्धुलीले विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने जिल्लाका सरकारी निकाय, स्थानीय तह तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरूको सहभागितामा र २०६८ सालमा पहिलोपटक विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको र यसलाई परिवर्तित समयानुकुल हरेक वर्ष पूनरावलोकन तथा अध्यावधिक गर्दै आइरहेको छ । यसैको अभ्यास तथा सम्बन्धित मन्त्रालयको निर्देशन अनुसार यस वर्ष पनि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको हो ।

**२.२ दस्तावेजहरूको अध्ययनः**

यस विपद पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिकका क्रममा दैवी प्रकोप उद्धार ऐन २०३९, नेपाल सरकारबाट स्वीकृत विपद् व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा मार्गदर्शन २०६७, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना सिन्धुली २०६८, २०६९, २०७० तथा २०७३, २०७५, ह्योगो कार्यसंरचना २००५-२०१५, सेन्डाई कार्यसंरचना २०१५-२०३०, स्फेयर परियोजना २०११, विगतमा बनेका विभिन्न जिल्लाका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरु अध्ययन गरी विभिन्न क्षेत्रका विज्ञहरूसँग परामर्श गरिएको छ ।

त्यसैगरी संघीय नेपालको संविधान २०७२ र त्यसपश्चात बनेका विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, विपद जोखिम न्यूनिकरण राष्ट्रिय नीति २०७४, विपद जोखिम न्यूनिकरण राष्ट्रिय रणनैतिक कार्ययोजना २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई समेत अध्ययन गरी यस योजनालाई अध्यावधिक गरिएको छ । योजना परिमार्जनको चरणमा आइपरेका नीतिगत अप्ठ्याराहरुलाई विषयविज्ञहरुबाट प्राप्त सुझावअनुसार परिमार्जन गरिएको छ ।

**२.३ वैठकका निर्णयहरू**

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ अनुसार यस जिल्लाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ अध्यावधिक २०७५ लाई पूनरालोकन गरी नयाँ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न गृह मन्त्रालयको निर्देशानुसार जिल्ला विपद व्यवस्थापन समिति सिन्धुलीले जिल्लाका विपद व्यवस्थापनमा कार्यरत सहयोगी संस्थाको सहयोगमा क्षेत्रगत तहहरूको बैठक आयोजना गरी योजनालाई अध्यावधिक गर्नुका साथै बैठक तथा कार्यशालाबाट प्राप्त रायसुझावहरूलाई योजनामा समाबेश गरेर विपद् पुर्वतयारी र प्रतिकार्य योजना २०७६ तर्जुमा गरिएको हो ।

२.४ विपद्को स्तरीकरण :

सिन्धुली जिल्लामा विपद्का घटनाहरुलाई हेर्ने हो भने यहाँ बाढी, पहिरो, आगलागी, महामारी, भुकम्प, असिना, हुरीबतास, बन्यजन्तु/सर्प/अन्य कीटपतङ्गको आतङ्क आदिबाट ग्रसित छ । यी घटनाहरुबाट यस जिल्लामा धेरै ठुलो मात्रामा जनधनको क्षति हुने गरेको छ । मुख्य रुपमा हेर्दा सिन्धुली जिल्लामा वि.सं १९५९ को वाढी (यसलाई उनसठ्ठा पनि भन्दछन् । यस बाढीले सिन्धुली माढी, मरिण खोला तथा कमलाखोँचको खेतियोग्य जमिनलाई ब्यापक विनास गरेको थियो), वि.सं १९६६ मा सलहको आक्रमण (यस समयमा मरिणखोला र सिन्धुली माढीको सम्पुर्ण वालीहरु सलहले विनास गरेको थियो), वि.सं १९९० को महाभुकम्प (यसलाई नब्बे सालको भुइँचालो पनि भन्दछन्), वि.सं २००१ मा सिन्धुली जिल्लामा व्यापक असिनापात भएको, वि.सं २०११ को वाढी, वि.सं २०१२ को खडेरी र भोकमरी, वि.सं २०२३ मा फुटेको सेती पहिरो, वि.सं २०२७ मा आएको वाढी, वि.सं २०३८ मा आएको वाढी (यस समयको वाढीले १९५९ सालमा आएको वाढीले वढाएको खोलाको आयतन समान वनाएको थियो), वि.सं २०४१ को वाढी (यस बाढीले सिन्धुलीको विकास फड्कोलाई २० वर्ष पछाडि पारेको विश्वास गरिएको छ), वि.सं २०४५ को भुकम्प, वि.सं २०५० र २०६१ मा आएको वाढी तथा २०७२ सालमा आएको विनासकारी भूकम्पले यस जिल्लामा धेरै जनधनको क्षति गरेको छ । नियमित रुपमा बर्षात्को समयमा आउने बाढीले समेत आ.ब.२०७२।०७३ मा ४ जनाको मृत्यु,

आ.व. २०७३।०६४ मा ६ जनाको मृत्यु, ५ बेपत्ता, २ घाइते , आ.व. २०७४।०७५ मा १२ जना मृत्यु, २ बेपत्ता र २ घाइते र आ.व. ०७५/७६ मा जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क अनुसार ६ जना मृतक तथा ७४ जना विपदवाट प्रभावित व्यक्तिले राहत लिएको देखिन्छ । बाढी संगै चटयाङ्गवाट मृत्यु तथा घाईते हुनेको संख्या पनि उल्लेख्य देखिन्छ (जि.प्र.का., सिन्धली २०७६) । यस घटनाहरुलाई आंकलन गर्दा सम्पूर्ण क्षति तथा निरन्तरताको हिसावले बाढी धेरै देखिन्छ भने भूकम्पको जोखिममा पनि यो क्षेत्र पर्दछ ।

२०७२ बैशाख १२ गते गएको बिनाशकारी भूकम्प तथा त्यसपश्चातका पराकम्पनबाट सिन्धुली जिल्लामा पनि १५ जनाको मृत्यु, २ सय ३० जना घाइते तथा करिब ४२ हजार भवनहरुमा क्षति पुगेको थियो भने करिब १ लाख ९० हजार जनसंख्या प्रभावित भएको देखिन्छ । विपदको हिसाबले भुकम्पलाई यसभन्दा अगाडि कम प्राथमिकतामा राखेको भए पनि अहिले जिल्लामा बाढीपछि भुकम्पलाई विपद्को हिसाबले उच्च भनि स्तरीकरण गरेको पाइएको छ । जंगली जनावर ( हात्ती) को आक्रमणवाट पनि वर्षेनी व्यक्तिको मृत्यु हुनुका साथै वालीनाली तथा घर गोठ समेत नष्ट भएको छन् । अहिले विपी राजमार्ग, मदन भण्डारी तथा जिल्लाका अन्य कच्ची सडकहरुमा हुने सडक दुर्घटना पनि विपद्कै रुपमा आइरहेको छ । आगामी दिनहरुमा जंगली जनावर को आक्रमण, सडक दुर्घटनालाई समेत यो योजनामा समेट्दै लैजानु पर्ने देखिन्छ ।

**तालिका नं. २.१ : विपद्को स्तरीकरण :**

| विपद् | बाढी | भूकम्प | पहिरो | आगलागी | महामारी | हुरीबतास | चट्याङ | बन्यजन्तु हात्ती/सर्प आतंक |
|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| **भूकम्प** | | | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प |
| **पहिरो** | | | | आगलागी | पहिरो | पहिरो | पहिरो | पहिरो |
| **आगलागी** | | | | | आगलागी | आगलागी | आगलागी | आगलागी |
| **महामारी** | | | | | | महामारी | महामारी | महामारी |
| **हुरीबतास** | | | | | | | चट्याङ | हुरीवतास |
| **चट्याङ** | | | | | | | | बन्यजन्तु/सर्प आतंक |
| **बन्यजन्तु हात्ती/सर्प आतंक** | | | | | | | | |

**जम्मा परिणाम :**

बाढी - ७ अंक, भूकम्प - ६ अंक, आगलागी - ५ अंक,

पहिरो - ४ अंक, महामारी - ३ अंक चट्याङ - १ अंक

हुरीवतास - १ अंक बन्यजन्तु हात्ती /सर्प आतंक - १

माथि उल्लेखित तालिकामा विपद् स्तरीकरण गर्दा ७ अंकका साथ बाढी उच्च जोखिम निम्त्याउने प्रकोपको रुपमा देखिएको छ । त्यसै गरी भूकम्प ६ अंकका साथ दोस्रो र आगलागी ५ अंकका साथ तेस्रो उच्च जोखिम निम्त्याउने प्रकोपको रुपमा परेको छ ।

२.५ नगरपालिका तथा गाउँपालिकाको संकटाभिमुखता स्तरीकरण :

सिन्धुली जिल्लामा रहेको २ नगरपालिका तथा ७ गाउँपालिकामा विगतमा आएका विपद् तथा त्यसले *निम्त्याएको विपद्,* वाट भएको जनधनको क्षति, तथा जोखिम निम्त्याउन सक्ने अवस्थाहरुको आधारमा विश्लेषण गर्दा बाढी सबैभन्दा बढी खतराको रुपमा देखिन्छ तथा बाढीले असर गर्ने स्थानहरुमा कमला नदी आसपासका नगरपालिकाका वडाहरु तथा गाविसहरु, मरिण खोला आसपासका गाविसहरु पर्दछन् । यी क्षेत्रहरु बाढीको हिसाबले सबैभन्दा उच्च जोखिममा रहेको देखिन्छ । त्यसै गरी ती क्षेत्रहरुमा चुरे क्षेत्र मुहान भई बग्ने दर्जनौं खहरे खोलाहरुले पनि जनधनको क्षति पुऱ्याउदै आइरहेको छ । कमजोर भौतिक संरचना, काठ तथा माटाका घरहरु, भिरालो जमिनमा रहेका घरहरु भएको तथा जोखिमबाट हुनसक्ने क्षति न्यूनीकरणको पूर्वतयारी तथा सचेतनामा भएको कमीका कारण भूकम्पबाट हुन सक्ने असर जिल्लाभरि नै रहेको छ । २०७२ सालमा गएको विनासकारी भूकम्पका कारण कमजोर भएको भूसंरचना, ग्रामीण कच्ची सडक, प्राकृतिक श्रोत साधनको दोहन, जलवायू परिवर्तनको असर तथा भिरालो जमिनको कारण पहिरो गई जनधनको क्षति हुन सक्ने आंकलन गर्न सकिन्छ । समग्रमा विगतको क्षतिको तथ्यांकमा आधारित रहेर हेर्दा जिल्लागत अवस्था निम्न रहेको देखिन्छ ।

**समग्र प्रकोपका आधारमा संकटाभिमुखता नगरपालिका तथा गाउँपालिका नक्सांकनः**

| **उच्च जोखिममा रहेका नपा/गापाहरु** | **मध्यम जोखिममा रहेका नपा/गापाहरु** | **न्यून जोखिममा रहेका नपा/गापाहरु** |
|---|---|---|
| दुधौली नगरपालिका, कमलामाई नगरपालिका, तीनपाटन गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका, तीनपाटन गाउँपालिका र मरिण गाउँपालिका | सुनकोशी गाउँपालिका, घ्याङलेक गाउँपालिका, गोलन्जोर गाउँपालिका | |

**बाढीका आधारमा संकटाभिमुखता नगरपालिका तथा गाउँपालिका नक्सांकनः**

| **उच्च जोखिममा रहेका नपा/गापाहरु** | **मध्यम जोखिममा रहेका नपा/गापाहरु** | **न्यून जोखिममा रहेका नपा/गापाहरु** |
|---|---|---|
| मरिण गाउँपालिका र दुधौली नगरपालिका | हरिहरपुरगढी गाउँपालिका, कमलामाई नगरपालिका र तीनपाटन गाउँपालिका | घ्याङलेक गाउँपालिका, फिक्कल गाउँपालिका, सुनकोशी गाउँपालिका र गोलन्जोर गाउँपालिका |

**भुकम्पका आधारमा संकटाभिमुखता नगरपालिका तथा गाउँपालिका नक्सांकन :**

| **उच्च जोखिममा रहेका नपा/गापाहरु** | **मध्यम जोखिममा रहेका नपा/गापाहरु** | **न्यून जोखिममा रहेका नपा/गापाहरु** |
|---|---|---|
| सुनकोशी गाउँपालिका, घ्याङलेक गाउँपालिका, मरिण गाउँपालिका, गोलन्जोर गाउँपालिका | हरिहरपुरगढी गाउँपालिका, कमलामाई नगरपालिका, फिक्कल गाउँपालिका, तीनपाटन गाउँपालिका र दुधौली नगरपालिका | |

**आगलागीका आधारमा संकटाभिमुखता नगरपालिका तथा गाउँपालिका नक्सांकन :**

| **उच्च जोखिममा रहेका नपा/गापाहरु** | **मध्यम जोखिममा रहेका नपा/गापाहरु** | **न्यून जोखिममा रहेका नपा/गापाहरु** |
|---|---|---|
| सुनकोशी गाउँपालिका, घ्याङलेक गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका, गोलन्जोर गाउँपालिका, फिक्कल गाउँपालिका | मरिण गाउँपालिका<br>कमलामाई नगरपालिका, तीनपाटन गाउँपालिका, दुधौली नगरपालिका | |

**पहिरोका आधारमा संकटाभिमुखता क्षेत्र नक्सांकन :**

| उच्च जोखिममा रहेका नपा/गापाहरु | मध्यम जोखिममा रहेका नपा/गापाहरु | न्यून जोखिममा रहेका नपा/गापाहरु |
|---|---|---|
| सुनकोशी गाउँपालिका, गोलन्जोर गाउँपालिका, फिक्कल गाउँपालिका, तीनपाटन गाउँपालिका, मरिण गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका, घ्याङलेक गाउँपालिका, | कमलामाई नगरपालिका र दुधौली नगरपालिका | |

(प्रस्तुत गरिएका संकटाभिमुख क्षेत्र नक्सांकनको विश्लेषण अघिल्लो प्रतिकार्य योजनामा भएका गाविसस्तरका नक्सांकनहरु तथा यस बीचमा घटेका विपदका घटनाहरुलाई आधार बनाएर प्रस्तुत गरिएको छ ।)

## २.६ जिल्लाका प्रमुख नदीनालाहरुको विवरण :

सिन्धुली जिल्लामा कोशी, रोशी, बागमति, तावा, कमला, मरिण बाक्सु, चदाहा, क्यानखोला, गौमती, गडौली, कोखाजोर, धनमना, सिम्ले, बितिजोर, अरुण, ककुर लगायत यस जिल्लामा १४९ वटा ठूलासाना नदीहरु रहेका छन् । जिल्लाभित्र भएर बग्ने तथा विपद्को हिसावले धेरै प्रभाव पार्ने नदीनालाहरु तथा प्रभावित् हुन सक्ने संकटाभिमुख क्षेत्रहरु निम्न छन् ।

| क्र.सं. | नदीको नाम | प्रभावित हुन सक्ने क्षेत्र |
|---|---|---|
| १ | कमला नदी | कमलामाई न.पा. ९, १०, १३ र १४ का वस्तीहरु |
| | | दुधौली नगरपालिका - वडा नं. १, २, ३, ४, ५ ६, ९, १० र ११ का बस्तीहरु |
| २ | तावा खोला | दुधौली नगरपालिका - ७, ८ र १४ का बस्तीहरु |
| ३ | चदाहा खोला | तीनपाटन गाउँपालिका वडा नं. १, २, ४, ६ र १० का बस्तीहरु |
| ४ | मरिण खोला | घ्याङलेक गाउँपालिका वडा नं. २ का केही बस्तीहरु |
| | | कमलामाई नगरपालिका वडा नं. १ र २ का केही बस्तीहरु |
| | | मरिण गाउँपालिकाका सबै वडाहरु |
| | | हरिहरपुरगढी गाउँपालिका वडा नं. २, ३, ४ र ५ का बस्तीहरु |
| ५ | घागरखोला | कमलामाई नगरपालिका वडा नं. १ का केही वस्तीहरु<br>मरिण गाउँपालिका वडा नं. ५ का केही बस्तीहरु |
| ६ | क्यान खोला | हरिहरपुरगढी गाउँपालिका वडा नं. ६, ७ र ८ का बस्तीहरु |
| ७ | कोखाजोर खोला | घ्याङलेक गाउँपालिका वडा नं. ५ र मरिण गाउँपालिका वडा नं. १ का बस्तीहरु |
| ८ | बाग्मती नदी | हरिहरपुरगढी गाउँपालिका वडा नं. १, २, ३ र ६ का बस्तीहरु |
| ९ | सुनकोशी नदी | सुनकोशी, गोलन्जोर र फिक्कल गाउँपालिकाका केही बस्तीहरु |

### २.७ यस वर्ष विपद प्रभावित हुनसक्ने जनसंख्याको अनुमान

विगतका वर्षहरुलाई हेर्दा सिन्धुली जिल्लामा बाढी, पहिरो, भूकम्प तथा महामारीको बारम्बारता तथा क्षति बढी देखिएको छ । अझ २०७२ को भूकम्पबाट भएको क्षतिबाट धेरै परिवार प्रभावित तथा विस्थापित भएका थिए । यसै अनुभवका आधारमा सबै प्रकारका विपद्हरुलाई समष्टिगत रुपमा हेर्दा यस वर्ष सिन्धुली जिल्लामा करिब ८ प्रतिशत परिवार प्रभावित हुने र प्रभावितहरुमध्ये ४० प्रतिशत मानिसहरु विस्थापित हुने सम्भावना तथ्यांकले देखाउछ । जुन यस तालिकामा देखाइएको छ ।

**तालिकाः २.२ विपद प्रभावित हुनसक्ने जनसंख्याको आंकलन**

| न्यूनतम पूर्वतयारीका लागि अन्दाजी जनसंख्या | जनसंख्याको % | प्रभावित कुल जनसंख्या | | | विस्थापित कुल जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रभावित कुल जनसंख्या | ८ % | ११४०० | १२३०० | २३७०० | ४५२० | ४९२० | ९४४० |
| परिवारसंख्या २००० | सरदर ५/परिवार | | | ४७४० | | | १८८८ |
| प्रजननयोग्य उमेरका महिला | २५% | | ३०७५ | ३०७५ | | १२३० | १२३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६० वर्षभन्दा बढी उमेरका जनसंख्या | | ३८३ | ४५१ | ८३४ | | | |
| १९ वर्षसम्मका बालबालिकाको संख्या | ४६% | ५०१५ | ५८८७ | १०९०२ | २००६ | २३५५ | ४३६१ |
| १०-१९ वर्षका किशोर-किशारीको संख्या | २२% | २५०८ | २७०६ | ५२१४ | ९९४ | १०८२ | २०७६ |
| गर्भवती अपाङ्ग महिलाको संख्या | | | १८३ | १८३ | | | |
| तीव्र सामाजिक तिरस्कारको अनुभव गरिरहेका व्यक्ति (दलित) को संख्या | | ४६८ | ४७२ | ९४० | ० | | |
| एकदमै गरिब व्यक्तिको संख्या | | | | ११२० | ० | | |
| पहिलेदेखि विद्यमान, तीव्र शारीरिक, स्नायविक (Neurological), अथवा मानसिक अपाङ्गता अथवा असन्तुलन भएका व्यक्तिको संख्या | | १५८ | १६२ | ३२० | | | |
| दीर्घकालीन बिमारी भएका व्यक्तिको संख्या | | | | २५२ | | | |
| एच्आईभी/एड्सबाट संक्रमित जनसंख्या | | | | २३५ | | | |
| गर्भवती तथा दूध खुवाउने आमाको संख्या | ५% | ० | ६१५ | ६१५ | ० | २४६ | २४६ |
| गर्भवती महिलाको संख्या | २.३% | ० | ३२२ | ३२२ | ० | ९७ | ९७ |
| प्रतिमहिना प्रसूतिको अन्दाजी संख्या | ०.२५% | ० | ३१ | ३१ | ० | १२ | १२ |
| प्रतिमहिना शिशुको अन्दाजी संख्या | ०.२५% | २९ | ३१ | ६० | | | |
| प्रतिमहिना आपत्कालीन प्रसूति सेवा चाहिने महिलाको अपेक्षित संख्या | ०.०३८% | ० | ५ | ५ | ० | २ | २ |
| प्रतिमहिना जटिलता हुने शिशुको अपेक्षित संख्या | ०.०२५% | | | ३ | | | |
| ६-९ वर्षसम्मका बालबालिकाको संख्या | ११% | १२५४ | १३५३ | २६०७ | | | |
| ५ वर्षमुनिका बालबालिकाको संख्या | १३% | १४८२ | १५९९ | ३०८१ | | | |
| ६-११ महिनासम्मका बालबालिकाको संख्या | १% | ११४ | १२३ | २३७ | | | |
| १२-२३ महिनासम्मका बालबालिकाको संख्या | ३% | ३४२ | ३६९ | ७११ | | | |
| २४-५९ महिनासम्मका बालबालिकाको संख्या | ८% | ९१२ | ९८४ | १८९६ | | | |
| ६-५९ महिनासम्मका बालबालिकाको संख्या | १२% | १३६८ | १४७६ | २८४४ | | | |
| ६-५९ महिनासम्मका कुपोषित बालबालिका (GAM) | १३% | १४८२ | १५९९ | ३०८१ | | | |
| ६-५९ महिनासम्मका मध्यम रूपमा कुपोषित बालबालिका | १०% | ११४० | १२३० | २३७० | | | |
| ६-५९ महिनासम्मका तीव्र रूपमा कुपोषित बालबालिका | ३% | ३४२ | ३६९ | ७११ | | | |

### २.८ निकायगत भूमिका तथा जिम्मेबारी :

सन् २००५ मा विषयगत क्षेत्रको अवधारणा आइसकेपछि नेपालमा पनि यो अवधारणा लागू गरियो । यसै अवधारणा अनुसार सिन्धुली जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिमा विभिन्न निकायलाई आवद्ध गरी जिम्मेबारीसहित काम गरिएपश्चात् हाल यस जिल्लामा ९ वटा विभिन्न क्षेत्रहरु तय गरी प्रभावकारी ढंगले पूर्वतयारी र प्रतिकार्य कार्य गर्न सहयोगी हुने गरी विभिन्न निकायहरुको पहिचान गरी ती क्षेत्रहरुमा समावेश गरी समन्वयात्मक ढंगबाट गतिवधिहरु सञ्चालन गरिएको छ । जिम्मेवार प्राप्त क्षेत्रगत निकायहरुको निकायगत भूमिका र जिम्मेवारी प्रस्तुत गरिएको छ । परिवर्तित सन्दर्भमा निकायगत भूमीकामा केही परिवर्तन गरिएको छ । निकायगत भूमीका तथा जिम्मेवारी स्थानीयतहमा समेत शुरु गर्दा उपयूक्त देखिन्छ ।

| क्र. सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने,<br>▪ खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय समन्वयमा परिचालन गर्ने,<br>▪ आवश्यकता अनुसार प्रदेश तथा केन्द्रीय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय)। |
| २ | जिल्ला समन्वय समिति | प्रमुख | ▪ सूचना संकलन तथा समन्वय कार्य गर्ने,<br>▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने,<br>▪ आवास तथा पुनःर्स्थापना कार्य गर्ने,<br>▪ स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत) परिचालन तथा समन्वय गर्ने । |
| ३ | ७ गाउँपालिका तथा २ नगरपालिका | प्रमुख | ▪ विषयगत समितिमा रही क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने,<br>▪ सम्बन्धित क्षेत्रहरुको आपत्कालीन योजना निर्माण गर्ने,<br>▪ आर्थिक तथा मानवीय स्रोतहरुको व्यवस्थापन गर्ने ।<br>▪ विपद व्यवस्थापन कोषको व्यवस्था गरी परिचालन गर्ने ।<br>▪ आ आफ्नो स्थानीय तहमा विपद व्यवस्थापनको नेतृत्वदायी तथा जिल्ला विपद व्यवस्थापन समितिको सदस्यको रुपमा समन्वयकारी भूमीका निवार्ह गर्ने । |
| ४ | सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल) | प्रमुख तथा प्रतिनिधि | ▪ मुख्यतः खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धार कार्य गर्ने,<br>▪ सुरक्षा व्यवस्था गर्ने,<br>▪ जिल्ला विपद व्यवस्थापन समिति तथा क्षेत्रगत समितिमा रही सहयोग गर्ने । |
| ५ | राजनैतिक दलहरू (जिल्ला स्थित सम्पूर्ण राजनैतिक दलहरु) | दलका प्रमुखहरू | ▪ समन्वय,<br>▪ स्रोत संकलनमा सहयोग,<br>▪ जनसमुदायको परिचालन गर्ने । |
| ६ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ सवै निकायहरुको सहकार्यमा जिल्ला विपद पूर्वतयारी योजना तर्जुमा गर्न सहयोग गर्ने,<br>▪ प्रवन्धकारी भूमिका निर्वाह गर्ने,<br>▪ गैरखाद्य सामाग्री तथा अस्थायी आवासको व्यवस्थापन,<br>▪ सूचना संकलन तथा सवर्क्षेणमा स्वयम्सेवक परिचालन गर्ने,<br>▪ विपद्को समयमा बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्ने । |
| ७ | उद्योग वाणिज्य संघ | अध्यक्ष | ▪ खाद्य सामाग्री सुख्खा तथा तयारी खाना जस्तैः चिउरा, भुजा, बिस्कुट जस्ता खाद्य सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने । |
| ८ | यातायात व्यवसायी कम्पनीहरु | प्रमुख | ▪ राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जनशक्ति उपलब्ध गराउने । |
| ९ | संचार माध्यम | नेपाल पत्रकार महासंघ, एफ.एम. र सञ्चारकर्मीहरु | ▪ तथ्यपरक सूचना संकलन तथा सम्प्रेषण ।<br>▪ जनचेतना तथा सन्देशमुलक सूचना प्रवाह ।<br>▪ सेवा प्रवाहको स्थिती विश्लेषण गरी यथार्थमुलक सुचना प्रवाह तथा खवरदारी । |
| १० | पेशागत व्यवसायी (हेभी उपकरण, निर्माण | अध्यक्ष | ▪ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग । |

| | | | |
|---|---|---|---|
| | व्यवसायी, कृषक तथा जल उपभोक्ता, सा.व.उ.स. महासंघ | | |
| ११ | गै.स.स. महासंघहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ▪ मानवस्रोत परिचालन गर्ने,<br>▪ स्थानीय आवश्यकताको पहिचान तथा स्थानीय तहवीच समन्वय<br>▪ स्रोत संकलनमा सहयोग गर्ने,<br>▪ गै.स.स. वीच समन्वय,<br>▪ क्षमता विकास तथा सहजीकरण कार्य गर्ने,<br>▪ जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी गर्न रेडक्रससँग सहकार्य गर्ने,<br>▪ विषयगत क्षेत्रका योजना तर्जूमा गर्न सहजीकरण गर्ने । |

## २.९ विषयगत क्षेत्र (Cluster) नेतृत्वको विवरण :

| क्र.सं. | क्षेत्र | संघ/संस्था | सम्पर्क व्यक्ति | मोवाइल | टेलिफोन नम्बर | ई-मेल |
|---|---|---|---|---|---|---|
| १ | पूर्व सूचना, समन्वय र सर्वेक्षण | जिल्ला समन्वय समिति | समन्वय अधिकारी | ९८५४०८७२२२ | ०४७–५२०१४४ | |
| २ | खोजतलास र उद्धार | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ९८५४०६७७७७ | ०४७–५२०५३३ | |
| ३ | आपतकालीन आवास तथा गैरखाद्य | नेपाल रेडक्रस सोसाइटी | सभापति | ९८४४०४०२१४ | ०४७-५२०१२० | |
| ४ | खाद्य | सम्बन्धित गाउँ/नगरपालिका | प्रमुख/अध्यक्ष | | | |
| ५ | खानेपानी तथा सरसफाई | सम्बन्धित गाउँ/नगरपालिका | प्रमुख/अध्यक्ष | | | |
| ६ | स्वास्थ्य तथा पोषण | सम्बन्धित गाउँ/नगरपालिका | प्रमुख/अध्यक्ष | | | |
| ७ | शिक्षा | सम्बन्धित गाउँ/नगरपालिका | प्रमुख/अध्यक्ष | | | |
| ८ | संरक्षण | सम्बन्धित गाउँ/नगरपालिका | प्रमुख/अध्यक्ष, उपप्रमुख/उपादक्ष य | | | |
| ९ | पूननिर्माण | सम्बन्धित गाउँ/नगरपालिका | प्रमुख/अध्यक्ष | | | |

- **महत्वपूर्ण टेलिफोन नम्बरहरु :**

| क्र.सं. | निकाय | सम्पर्क नम्बर | क्षेत्र |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | ०४७-५२०१३३ | सुरक्षा |
| २ | कमलामाई नगरपालिका | १०१/०४७-५२०२४५ | दमकल, राहत |
| ३ | दुधौली नगरपालिका | ०४७-४१२०५१<br>९८४४०४८५०१ | राहत |

| | | | |
|---|---|---|---|
| ४ | फिक्कल गाउँपालिका | ९८४४३९६६५५ | राहत |
| ५ | तिनपाटन गाउँपालिका | ९८५४०४२२२५ | राहत |
| ६ | गोलन्जोर गाउँपालिका | ९८५४०४१७७५ | राहत |
| ७ | सुनकोशी गाउँपालिका | ९८५४०४२००७ | राहत |
| ८ | घ्याङलेक गाउँपालिका | ९७४४०३५६९९ | राहत |
| ९ | मरिण गाउँपालिका | ९८५४०४२२०० | राहत |
| १० | हरिहरपुरगढी गाउँपालिका | ९८५४०४१८८१ | राहत |
| ११ | जिल्ला प्रहरी कार्यालय | १००/०४७-५२०१९९ | खोज तथा उद्धार |
| १२ | सिन्धुली अस्पताल | ०४७-५२०१४५ | स्वास्थ्य उपचार/एम्बुलेन्स |
| १३ | आपतकालीन कार्य संचालन केन्द्र | ०४७-५२१३०९ | सूचना |
| १४ | नेपाल विद्युत प्राधिकरण | ०४७-५२०१५०/५२०५५० | विद्युत |
| १५ | द्रुत प्रतिकार्य समुह (RRT) | ०४७-५२०१८८ | प्रतिकार्य |
| १६ | | ०४७-५२०१०६ | बाल संरक्षण |
| १७ | नेपाल टेलिकम | ०४७-५२०१११/५२०२२२ | संचार |
| १८ | नेपाल रेडक्रस सोसाइटी | ११३०/०४७-५२०१२० | प्राथमिक उपचार, राहत तथा एम्बुलेन्स |
| १९ | रक्तसञ्चार केन्द्र | ९८४४४०३६७५/०४७-५२०२२६ | आकस्मिक रक्त सञ्चार सेवा |

- **जिल्ला समन्वय समितिका पदाधिकारीहरुको विवरण**

| क्र.सं. | पद | नाम थर | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री शंकरराज बर्मा तिवारी | ९८५४०४१६२२<br>९८०७८४३७६८ | |
| २ | उप प्रमुख | श्री सम्झना अधिकारी | ९८०५९३६४३३<br>९८४४४८९७६१ | |
| ३ | सदस्य | श्री चित्रबहादुर बुढाथोकी | ९८०८८३९८७३<br>९८४९४४७४७२ | |
| ४ | ” | श्री ऐमान बम्जन | ९८१९८४८५१३ | |
| ५ | ” | श्री गंगाकुमारी कार्की | ९८४४०४२६६४ | |
| ६ | ” | श्री बिन्दा परियार | ९८०४७२५४५३ | |
| ७ | ” | श्री तेजबहादुर सुनुवार | ९८४४२१७३७४ | |
| ८ | ” | श्री भगवती कुमारी पुलामी | ९८०७६८५९५४ | |
| ९ | ” | श्री अमृत वाइबा | ९६१५३४२२३५ | |

## २.१० नगरपालिका तथा गाउँपालिकासम्बन्धी विवरण :

- **गाउँपालिकाको कार्यपालिकाको विवरण**

| **पद** | **नाम थर** | **सम्पर्क नम्बर** | **इमेल** |
|---|---|---|---|
| अध्यक्ष | श्री कर्णबहादुर थापा | ९८५४०४२२२५ | |
| उपाध्यक्ष | श्री पदममाया तामाङ | ९८५४०४२२२१ | |
| वडा अध्यक्ष १ | श्री गोविन्द राउत | ९८५४०४२२३१ | |
| वडा अध्यक्ष २ | श्री हेमबहादुर श्रेष्ठ | ९८५४०४२२३२ | |

| | | | |
|---|---|---|---|
| वडा अध्यक्ष ३ | श्री लालबहादुर स्यांतान | ९८५४०४२२३३ | |
| वडा अध्यक्ष ४ | श्री खड्गबहादुर भुजेल | ९८५४०४२२३४ | |
| वडा अध्यक्ष ५ | श्री दिनेशकुमार रमौली | ९८५४०४२२३५ | |
| वडा अध्यक्ष ६ | श्री बिरबहादुर पुलामी | ९८५४२०००७६ | |
| वडा अध्यक्ष ७ | श्री कमलबहादुर खपांगी | ९८५४२०००७७ | |
| वडा अध्यक्ष ८ | श्री रेखराज अधिकारी | ९८५४२०००७८ | |
| वडा अध्यक्ष ९ | श्री शेरबहादुर लायो | ९८५४२०००७९ | |
| वडा अध्यक्ष १० | श्री पुण्यहरी भुजेल | ९८५४०४२२३० | |
| वडा अध्यक्ष ११ | श्री हितलाल श्रेष्ठ | ९८५४०४२२३६ | |
| सदस्य | श्री टेकबहादुर परियार | ९७५४२०००८० | |
| ” | श्री जगदीश्वर तोलाङ्गे | ९८५४०४२२३८ | |
| ” | श्री गीतामाया थापामगर | ९८५४०४२२३७ | |
| ” | श्री भगवतीकुमारी श्रेष्ठ | ९७५४२२०२८१ | |
| ” | श्री दूधकुमारी ठकुरी | ९८५४०४२२३९ | |
| ” | श्री देवमाया श्रेष्ठ | ९७५४०००००८२ | |

- **नगरपालिका तथा गाउँपालिका केन्द्र रहेको स्थानहरु :**

| सि.नं. | निकाय | केन्द्र रहेको स्थान | सदरमुकामसम्मको दुरी |
|---|---|---|---|
| १ | कमलामाई नगरपालिका | कमलामाई न.पा. - ६, सिन्धुलीमाढी | ० किमी |
| २ | दुधौली नगरपालिका | दुधौली न.पा. - ९, दुधौलीबजार | ६७ किमी |
| ३ | फिक्कल गाउँपालिका | फिक्कल गा.पा. - ४, सोखुबेशी | ८२ किमी |
| ४ | तीनपाटन गाउँपालिका | तीनपाटन गा.पा. - ११, लाम्पनटार | ३७ किमी |
| ५ | गोलन्जोर गाउँपालिका | गोलन्जोर गा.पा. - ६, ग्वाल्टार | ५० किमी |
| ६ | सुनकोशी गाउँपालिका | सुनकोशी गा.पा. - ३, रामटार | ५९ किमी |
| ७ | घ्याङलेक गाउँपालिका | घ्याङलेक गा.पा. - २, हायूटार | २५ किमी |
| ८ | मरिण गाउँपालिका | मरिण गा.पा. - ६, छाप | २६ किमी |
| ९ | हरिहरपुरगढी गाउँपालिका | हरिहरपुरगढी गा.पा. -५, झनझने | ४६ किमी |

- **शैक्षिक संस्थाहरुको विवरण :**

यस जिल्लामा १५ वटा क्याम्पस, ११३ वटा माध्यमिक विद्यालयहरु, ४६४ वटा आधारभूत विद्यालयहरु गरी ५९२ वटा शैक्षिक संस्थाहरु रहेका छन् । विद्यालयमा बालबालिकाहरु हुने भएकाले अति संकटासन्न क्षेत्र हुन् । साथै विपद् पश्चात् विस्थापित परिवारहरुका लागि आपतकालीन आवासको रुपमा पनि विद्यालयलाई प्रयोग गर्न सकिन्छ ।

| सि.नं. | क्षेत्र | स्वास्थ्य संस्था | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कमलामाई नगरपालिका | क्याम्पस | ५ | |
| | | माध्यमिक विद्यायल | २९ | |
| | | आधारभूत विद्यालय | ७८ | |
| २ | दुधौली नगरपालिका | क्याम्पस | ३ | |
| | | माध्यमिक विद्यायल | २० | |

| | | | | |
|---|---|---|---|---|
| | | आधारभूत विद्यालय | ६३ | |
| ३ | फिक्कल गाउँपालिका | क्याम्पस | ० | |
| | | माध्यमिक विद्यायल | १२ | |
| | | आधारभूत विद्यालय | ४१ | |
| ४ | तीनपाटन गाउँपालिका | क्याम्पस | ३ | |
| | | माध्यमिक विद्यायल | १५ | |
| | | आधारभूत विद्यालय | ७० | |
| ५ | गोलन्जोर गाउँपालिका | क्याम्पस | १ | |
| | | माध्यमिक विद्यायल | ९ | |
| | | आधारभूत विद्यालय | ५३ | |
| ६ | सुनकोशी गाउँपालिका | क्याम्पस | २ | |
| | | माध्यमिक विद्यायल | ८ | |
| | | आधारभूत विद्यालय | ४३ | |
| ७ | घ्याङलेक गाउँपालिका | क्याम्पस | ० | |
| | | माध्यमिक विद्यायल | ५ | |
| | | आधारभूत विद्यालय | २७ | |
| ८ | मरिण गाउँपालिका | क्याम्पस | १ | |
| | | माध्यमिक विद्यायल | ८ | |
| | | आधारभूत विद्यालय | ४१ | |
| ९ | हरिहरपुरगढी गाउँपालिका | क्याम्पस | ० | |
| | | माध्यमिक विद्यायल | ७ | |
| | | आधारभूत विद्यालय | ४८ | |

(उल्लेखित शैक्षिक संस्थाहरुमा उच्च मावि र मावि लाई मावि तथा निमावि र प्राविलाई आधारभूत विद्यालयमा समावेश गरिएको छ ।)

स्रोत : सिन्धुलीका स्थानीय तह वस्तुगत विवरण, २०७४

- **स्वास्थ्य संस्थाहरुको विवरण :**

यस जिल्लामा १ वटा जिल्ला अस्पताल, ४ वटा प्राथमिक स्थास्थ्य केन्द्रहरु, ५१ वटा स्वास्थ्य चौकीहरु रहेका छन् । साथै जिल्लामा ७ वटा निजी अस्पतालहरु रहेका छन् ।

**तालिका नं. १.४: स्वास्थ्य संस्थासम्बन्धी विवरण :**

| सि.नं. | क्षेत्र | स्वास्थ्य संस्था | संख्या | स्थान |
|---|---|---|---|---|
| १ | कमलामाई नगरपालिका | जिल्ला अस्पताल | १ | सिन्धुलीमाढी |
| | | प्राथमिक स्वास्थ्य केन्द्र | ० | |
| | | स्वास्थ्य चौकी | ७ | साविकका गाविस कार्यालयहरु आसपास |
| | | निजी अस्पताल | ३ | ढुंग्रेवास, धुराबजार र भीमान |
| २ | दुधौली नगरपालिका | प्राथमिक स्वास्थ्य केन्द्र | १ | सिर्थौली |
| | | स्वास्थ्य चौकी | ८ | साविकका गाविसहरुमा |
| | | निजी अस्पताल | २ | दुधौली र डकाहा |
| ३ | फिक्कल गाउँपालिका | प्राथमिक स्वास्थ्य केन्द्र | ० | |
| | | स्वास्थ्य चौकी | ६ | साविकका गाविसहरुमा |
| | | निजी अस्पताल | ० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | तीनपाटन गाउँपालिका | प्राथमिक स्वास्थ्य केन्द्र | २ | बेलघारी र लाम्पनटार |
| | | स्वास्थ्य चौकी | ६ | साविकका गाविसहरुमा |
| | | निजी अस्पताल | ० | |
| ५ | गोलन्जोर गाउँपालिका | प्राथमिक स्वास्थ्य केन्द्र | ० | |
| | | स्वास्थ्य चौकी | ७ | साविकका गाविसहरुमा |
| | | निजी अस्पताल | २ | खुर्कोट |
| ६ | सुनकोशी गाउँपालिका | प्राथमिक स्वास्थ्य केन्द्र | ० | |
| | | स्वास्थ्य चौकी | ५ | साविकका गाविसहरुमा |
| | | निजी अस्पताल | २ | सित्तलपाटी र झ्ागाझोली रातमाटा |
| ७ | घ्याङलेक गाउँपालिका | प्राथमिक स्वास्थ्य केन्द्र | ० | |
| | | स्वास्थ्य चौकी | ५ | साविकका गाविसहरुमा |
| | | निजी अस्पताल | ० | |
| ८ | मरिण गाउँपालिका | प्राथमिक स्वास्थ्य केन्द्र | १ | कपिलाकोट |
| | | स्वास्थ्य चौकी | २ | साविकका गाविसहरुमा |
| | | निजी अस्पताल | ० | |
| ९ | हरिहरपुरगढी गाउँपालिका | प्राथमिक स्वास्थ्य केन्द्र | ० | |
| | | स्वास्थ्य चौकी | ४ | साविकका गाविसहरुमा |
| | | निजी अस्पताल | ० | |

स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, सिन्धुली, २०७४

- जिल्लाका प्रमुख बजार केन्द्रहरु

सिन्धुली जिल्लाको व्यापार, व्यवसाय तथा सामाग्री उपलब्धताको हिसाबले सिन्धुली, भीमान, रातमाटा झाँगाझोली, डकाहा, दुधौली, खुर्कोट, छाप र चकमके आदि बजारकेन्द्रहरुले महत्वपूर्ण स्थान ओगटेका छन् । उल्लेखित बजार केन्द्रहरुमा दैनिक उपभोग्य बस्तुहरु, निर्माण सामाग्री तथा अन्य आवश्यकीय बस्तुहरु प्राप्त गर्न सकिन्छ । कृषि, खाद्य, निर्माण, औषधीजन्य बस्तुहरु विक्री वितरण गर्ने केन्द्रको रुपमा यस क्षेत्रलाई लिन सकिन्छ । आकस्मिक समयमा अति आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुहरु यी बजारहरुबाट प्राप्त गर्न सकिन्छ ।

**तालिका नं. - १.५ प्रमुख बजार केन्द्रहरु**

| सि.नं. | क्षेत्र | व्यापारिक केन्द्र | स्थान | सदरमुकामसम्मको दुरी |
|---|---|---|---|---|
| ४ | तीनपाटन गाउँपालिका | चकमके बजार | तीनपाटन गा.पा. - १० | ३७ किमी |
| | | तिल्पुङबजार | तीनपाटन गा.पा. - ८ | ४५ किमी |
| | | बेलघारी | तीनपाटन गा.पा. - १ | २८ किमी |

## २.११ जिल्लामा रहेको एम्बुलेन्स तथा शववाहन सेवा विवरण :

| क्र.सं. | संस्थाको नाम | सम्पर्क नम्बर | गाडी नं. | कम्पनी | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सिन्धुली जिल्ला अस्पताल | ०४७-५२०१४५ | ज १ झ ३७९, बा २ झ १७४४ | टाटा | २ | |
| २ | नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखा | ०४७-५२०१२० | ज १ च ६९४ | टाटा | १ | |
| ३ | रेडक्रस सुनकोशी उपशाखा | ९७४११००२६६ | बा ६ च ३४४४ | टाटा सुमो | १ | |
| ४ | रेडक्रस महेन्द्रझ्याडी उपशाखा | ९८१३५५४५७५ | बा १४ च १२३७ | टाटा | १ | |
| ५ | रेडक्रस पुरानो झाँगाझोली उपशाखा | ९७४४०१९६४३ | ज १ च १४३९ | टाटा | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | प्राथमिक स्वास्थ्य केन्द्र सिर्थौली | ९८६४०१७५९५ | ज १ झ ३७१ | महिन्द्रा | १ | |
| ७ | रानीबास गाउँ विकास समिति | ९८१९६८३४१० | ज १ झ ३७७ | टाटा | १ | |
| ८ | जनहित समाज भीमान | ०४७-४१००३८ | ज १ च ६९२ | टाटा सुमो | १ | |
| ९ | भीमान पोलिक्लिनिक एण्ड मेडिकल सेन्टर | ०४७-४१००५९ | ज १ च १११३ | टाटा सुमो | १ | |
| १० | प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोट | ९८१७८०६७२८ | बा १ झ ८३२४ | महिन्द्रा | १ | |
| ११ | रेडक्रस डाडीगुराँसे उपशाखा | ९८४४५९५१२० | ज १ च १६२५ | टाटा | १ | |
| १२ | रेडक्रस दुधौली उपशाखा | ९८०७७७४५५८ | ज १ च १७४४ | टाटा | १ | |
| १३ | रेडक्रस टाँडी उपशाखा | ९८१४८३७३१८ | ज १ च १७४३ | टाटा | १ | |
| १४ | रेडक्रस कुशेश्वर दुम्जा उपशाखा | ९८१७८७८७५९ | ज १ च १७६६ | टाटा | १ | |
| १५ | रेडक्रस सित्तलपाटी उपशाखा | ९८४४२८२१८० | ज १ च १७६४ | टाटा | १ | |
| १६ | काजीमान स्मृति प्रतिष्ठान सिन्धुली | ९८१२०७६१६९ | ज १ च १६२२ | टाटा | १ | |
| १७ | क्यानेश्वर स्वास्थ्य चौकी | ९८६४१९६३३६ | ज १ झ ४०८ | टाटा | १ | |
| १८ | गोलन्जोर गाउँपालिका, ग्वालटार | ९८४४१४१७१८ | ज १ झ ४१८ | टाटा | १ | |
| १९ | सुनकोशी सामुदायिक अस्पताल, खुर्कोट | ९८५४०४३२३० | ज १ च १७०५ | टाटा | १ | |
| २० | शुभजीवन हस्पिटल प्रालि, खुर्कोट | ९८६१३७४४८५ | बा ६ च ४१२ | टाटा | १ | |
| २१ | बेलघारी प्राथमिक स्वास्थ्य केन्द्र | ९८६४२०८६८५ | बा २ झ ३९७१ | टाटा | १ | |

- **जिल्लामा रहेको शववहान सेवा विवरण :**

| क्र.सं. | संस्थाको नाम | सम्पर्क नम्बर | गाडी नं. | कम्पनी | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नेपाल रेडक्रस सोसाइटी<br>सिन्धुली जिल्ला शाखा | ०४७-५२०१२० | ज १ च १७६५ | टाटा | १ | |

### २.१२ सहयोगी निकायहरूमा अपुग/अभाव (GAP) देखिएका सामग्री, स्रोत साधन र क्षमता

- जिल्लामा आपतकालिन सञ्चालन केन्द्रमा दक्ष जनशक्ति तथा श्रोत साधनको व्यवस्था नभएको ।
- पूर्वसूचना प्रणालीको प्रयास भए पनि सीमित क्षेत्रहरु मात्र समेटिएको । मरिण तथा कमलामाई खोलामा आवश्यक देखिएको ।
- कार्यदल गठन तथा पूर्व सूचनासम्बन्धी तालिम प्राप्त जनशक्तिको अभाव रहेको ।
- जिल्लास्थित सरकारी तथा गैर सरकारी संस्थाहरुको सेवा निरन्तरता सम्बन्धी योजना नरहेको ।
- आकस्मिक तथा बहुक्षेत्रीय द्रुत लेखाजोखाका बारेमा अभिमुखीकरण तथा आवश्यक सामाग्री तयारी अवस्थामा नरहेको ।
- प्रभावित परिवारहरुलाई उपलब्ध गराउने खाद्य तथा गैर खाद्य सामाग्रीहरुको मौज्दात नपुग ।
- सूचना व्यवस्थापनका लागि जनशक्तिको अभाव तथा कुनै किसिमका सञ्चार रणनीति नरहेको ।
- खुला तथा सुरक्षित स्थानहरुको पहिचान हुन बाँकी ।
- बैकल्पिक मार्ग तथा यातायातका साधनहरुको पहिचान तथा नक्सांकन नभएको ।
- खोज तथा उद्धार कार्यका लागि तालिम प्राप्त जनशक्तिको अभाव ।
- आपतकालीन शिविर निर्माण सामाग्री तथा सामाग्री भण्डारणको लागि गोदाम घर नभएको ।
- साना खालको विपद्को मात्र परिकल्पना ।
- जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रमा श्रोत साधन न्यून हुनु ।
- बन्दोबस्तीका सामाग्री तथा अन्य खाद्य सामाग्रीहरु संकलन गर्न कोष नभएको तथा क्षेत्रगत बजेट नभएको ।
- खानेपानीको स्रोत पहिचान नभएको तथा स्थानीय स्तरमा स्वयम्सेवकहरु तयार नभएको ।
- महामारीको अवस्थामा सुरक्षित बास, लत्ता कपडा तथा स्वास्थ्य सस्थाहरुमा औषधि तथा दक्ष जनशक्तिको अभाव हुने ।
- द्रुत प्रतिकार्यको लागि स्रोत साधन तथा औषधीका लागि आर्थिक अभाव ।
- प्राथमिक उपचारसम्बन्धी तालिम प्राप्त जनशक्तिको पहुँचमा कमी ।
- बालबालिका, किशोरी, महिला तथा वृद्धवृद्धाको संरक्षणका लागि सहायता डेष्क सञ्चालन तथा मनोवैज्ञानिक परामर्शको प्रवन्ध गर्नुपर्ने ।
- महिला, बालबालिकाको खोजतलास तथा फेला परेकालाई संरक्षणको समस्या ।
- बालबालिकाको शिक्षासञ्चालन गर्न शैक्षिक सामग्री, पोसाक, पाठ्यपुस्तक लगायतका सामाग्रीहरूको अभाव ।

- सबै क्षेत्रका दक्ष जनशक्तिहरुको सूची तयार तथा समयानुकूल अध्यावधिक गर्नुपर्ने ।
- स्थानीय तहवीचमा समन्वय तथा कोष परिचालन लगायतका विषयमा एकरुपता नदेखिएको ।

## २.१ सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

विपद्को समयमा आपतकालीन कार्ययोजनालाई संवोधन गरी उपयुक्त पूर्वतयारीको सुनिश्चित गर्न तालिकामा उल्लेखित पूर्वतयारीका प्राथमिकतापूर्ण कार्यहरू जिल्ला विपद् व्यवस्थापन समितिको बैठक तथा कार्यशालाले सहमति निर्माण गरी तय गरेको छ । प्राथमिकता प्राप्त पूर्वतयारी कार्य र कार्यान्वयन कार्यतालिकासहितको कार्ययोजना निम्नानुसार रहेको छ ।

| सि.नं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार तह | कार्यान्वयन गर्ने तरिका | समय सिमा |
|---|---|---|---|---|
| १. | आधारभूत, खण्डीकृत तथा जनगणना तथ्याङ्क संकलन तथा तयारी । | जिविव्यस | वैठक | फागुन मसान्त |
| २. | मानवीय सहायतामा संलग्न तहहरूलाई संयुक्त लेखाजोखा विधि सम्बन्धि तालिम IRA, MIRA. | जिविव्यस, रेडक्रस, अ/गैसस | तालिम | चैत्र मसान्त |
| ३. | विषयगत क्षेत्रवीच आन्तरिक र वाह्य समन्वय गर्न संयन्त्र स्थापना । | जिविव्यस | कार्यशाला | चैत्र मसान्त |
| ४. | सुरक्षा तह र अन्य संघसंस्थालाई खोजी तथा उद्धार तालिम । | जिविव्यस, रेडक्रस | तलिम | चैत्र मसान्त |
| ५. | विपद्सम्बन्धी जनचेतना अभिवृद्धि<br>महिला, बालबालिका, राजनीतिक पाटीका कार्यकर्ता, विपद प्रभावित, यूवा, स्थानीयस्तरमा योजना निर्माणमा सहभागी हुने ब्यक्तिहरू, सामाजिक अगुवाहरू, शिक्षक र अन्य तहहरू । | स्थानीय तह, जिविव्यस, रेडक्रस, अ/गैसस | भेला, गोष्ठी तथा तालिम | निरन्तर |
| ६. | स्थानीय कार्यान्वयन गर्ने साझेदारी तहको पहिचान र सामूहिक पद्धतिको स्थापना । | जिसस, जिविव्यस, | बैठक | फागुन मसान्त |
| ७. | विपद् पूर्वतयारी वारेमा राजनैतिक दल र नागरिक समाजका लागि संयुक्त अभिमुखीकरण । | स्थानीय तह, जिविव्यस, रेडक्रस, अ/गैसस | भेला, गोष्ठी तथा तालिम | जेठ |
| ८. | आवधिक पुनरावलोकन र पृष्ठपोषण पद्धतिको स्थापना । | स्थानीय तह, जिविव्यस, रेडक्रस, क्षेत्रगत समुह । | बैठक | फागुन मसान्त |
| ९. | कार्यसञ्चालन विधि सहितको आपतकालीन प्रतिकार्य कोषको विकास | स्थानीय तह, जिविव्यस, रेडक्रस | बैठक | निरन्तर |
| १०. | नियमित अन्तरालमा संभाव्य प्रकोपको नक्सा निर्माण तथा परिमार्जन । | जिविव्यस, जिसस, रेडक्रस, अ/गैसस | सर्वेक्षण | चैत्र मसान्त |
| ११. | विपद  सम्वन्धी सूचना संकलन र वितरणका लागि जिल्लास्तरमा “विपद व्यवस्थापन सूचना प्रणाली”को स्थापना । | जिविव्यस, जिसस, रेडक्रस, अ/गैसस | बैठक | चैत्र मसान्त |
| १२ | जोखिम तथा सङ्कटासन्न भवन (अस्पताल, विद्यालय आदी), पूर्वाधार (विद्युत स्टेशन, पूल कलर्भट आदि) को मापन | जिविव्यस, जिसस, रेडक्रस, गाँउ/नगरपालिका | सर्वेक्षण | चैत्र मसान्त |
| १३ | स्थानीय तह स्तरमा सुचना संजाल तयार | जिविव्यस, जिसस, रेडक्रस, | कार्यशाला | चैत्र मसान्त |
| १४ | शहरी तथा ग्रामीण योजनामा प्रकोप पछिको अस्थायी व्यवस्थापन (बसोबास)का लागि खुल्ला स्थान/क्षेत्र निर्धारण । | जिविव्यस, जिसस, रेडक्रस, स्थानीय तह | भेला तथा बैठक | फागुन मसान्त |
| १५ | प्रकोपबाट हुने क्षति र पूर्व सचेतना सम्बन्धी जनचेतना अभियान संचालन । | जिविव्यस, जिसस, रेडक्रस, अ/गैसस | भेला तथा तालिम | निरन्तर |
| १६ | प्रकोपबाट हुने जोखिम तथा संभाव्य क्षतिको आवधिक मापन | जिविव्यस, जिसस, | कार्यशाला | फागुन मसान्त |

| | | | | |
|---|---|---|---|---|
| १७ | जिल्ला विपद् व्यवस्थापन क्षेत्रमा काम गर्ने प्रमुख सरोकारवालाहरूको पहिचान । | जिविव्यस, जिसस, रेडक्रस, अ/गैसस | भेला, बैठक | चैत्र मसान्त |
| १८ | आपत्कालिन अवस्थाका लागि सामान आपूर्ति गर्ने गोदामको व्यवस्था, स्थापना | जिविव्यस, जिसस, अ/गैसस | भेला तथा बैठक | फागुन मसान्त |
| १९ | जिल्लास्तरमा खोजी र उद्धारको लागि स्थायी टोलीको गठन । | जिविव्यस, जिसस, रेडक्रस, खोज तथा उद्धार क्षेत्र | भेला तथा बैठक | फागुन मसान्त |
| २० | स्थानीय क्षेत्रमा आपतकालिन समयमा खाली गर्नु पर्ने स्थानहरू पहिचान । | स्थानीय तह | भेला तथा बैठक | फागुन मसान्त |
| २१ | सवै प्रकारका प्रकोप सम्वन्धी विज्ञहरू भएको पुनस्थार्पना, पुनर्निमाण योजना निर्माण समिति गठन । | जिविव्यस, जिसस, रेडक्रस, अ/गैसस | भेला तथा बैठक | फागुन मसान्त |
| २२ | जिल्लामा आपतकालीन सञ्चालन केन्द्र (District Emergency Operation centre) को क्षमता विकास | जिविव्यस | बैठक तथा समन्वय | निरन्तर |
| २३ | जिल्लामा विपद्सम्बन्धी सामान भण्डारण गर्न भण्डार गृह स्थापनाका लागि पहल तथा प्रयास । | जिविव्यस | बैठक तथा समन्वय | निरन्तर |
| २४ | स्थानीयस्तरमा रहेका संगठित र स्थायी सेवा केन्द्र /विद्यालय /सहकारी/क्लब/यूवा समूह/आमा समूह आदि संयन्त्रहरूलाई विपद् व्यवस्थापन सम्बन्धी चेतना अभिवृद्धि गरी सुरक्षित समुदाय निर्माणमा परिचालन । | जिविव्यस, जिसस, रेडक्रस, अ/गैसस, जिल्ला शिक्षा कार्यालय | भेला तथा बैठक | निरन्तर |
| २५ | विपद् व्यवस्थापन ऐन २०७४ विपद व्यवस्थापन नियमावली २०७६ वमोजिम हरेक स्थानीय तहमा स्थानीय विपद व्यवस्थापन समिति गठन भए नभएको तथा योजनाहरु गाउँ योजनाभित्र परे नपरेको यकिन गर्ने | जिविव्यस, जिसस, | | |

# भाग ३ : पूर्वतयारी तथा सहयोगसम्बन्धी योजना

३.१ विषयगत क्षेत्र **(Cluster):** सूचना, सर्वेक्षण तथा समन्वय

**३.१.१ नेतृत्व प्रदान गर्ने निकाय** (Cluster Lead): जिल्ला समन्वय समिति, सिन्धुली

विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूची :

| क्र.सं | क्षेत्रगत साझेदारहरूको नाम | पद | टेलिफोन नम्बर | इमेल ठेगाना |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति सिन्धुली | प्रमुख | ०४७-५२०१४९<br>९८५४०४१६२२ | |
| २ | जिल्ला प्रशासन कार्यालय सिन्धुली | प्रतिनिधि | ०४७-५२०१३३ | |
| ३ | कमलामाई नगरपालिका सिन्धुली | प्रमुख | ०४७-५२०२४५<br>९८५४०४१०२९ | |
| ४ | दुधौली नगरपालिका | प्रमुख | ०४७-४१२०५१,<br>९८५४०४१८५१ | |
| ५ | फिक्कल गाउँपालिका | अध्यक्ष | ९८४४३९६६५५ | |
| ६ | तिनपाटन गाउँपालिका | अध्यक्ष | ९८५४०४२२२५ | |
| ७ | गोलन्जोर गाउँपालिका | अध्यक्ष | ९८५४०४१७७५ | |
| ८ | सुनकोशी गाउँपालिका | अध्यक्ष | ९८५४०४२००७ | |
| ९ | घ्याङलेक गाउँपालिका | अध्यक्ष | ९७४४०३५६९९ | |
| १० | मरिण गाउँपालिका | अध्यक्ष | ९८५४०४२२०० | |
| ११ | हरिहरपुरगढी गाउँपालिका | अध्यक्ष | ९८५४०४१८८१ | |
| १२ | ९ नं. बाहिनी अड्डा | प्रतिनिधि | ०४७-५२०१३१ | |
| १३ | वर्द बहादुर गण | गणपति | ०४७- ६२००८९<br>०४७- ६२००९१ | |
| १४ | जिल्ला प्रहरी कार्यालय | प्र.उ. | ०४७-५२०१९९<br>९८५४०६५५५५ | |
| १५ | सशस्त्र प्रहरी बल आश्रित गुल्म | स.प्र.ना.उ. | ०४७-५२११११ | |
| १६ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | प्रमुख | ०४७-५२०२३३ | |
| १७ | शिक्षा विकास तथा समन्वय इकाई | इकाइ प्रमुख | ०४७-५२०१७५<br>०४७-५२०५७५ | |
| १८ | स्वास्थ्य कार्यालय | प्रमुख | ०४७-५२०१४५ | |
| १९ | जिल्ला कृषि ज्ञान केन्द्र | प्रमुख | ०४७-५२०१६६ | |
| २० | शहरी विकास तथा भवन निर्माण कार्यालय | प्रमुख | ०४७-५२११३९ | |
| २१ | नेपाल रेडक्रस सोसाइटी, सिन्धुली | सभापति | ०४७-५२०२२६<br>९८४४०४०२१४ | |
| २२ | नेपाल पत्रकार महासंघ सिन्धुली | अध्यक्ष | ९८५४०४१३९० | |
| २३ | उद्योग वाणिज्य संघ, सिन्धुली | अध्यक्ष | ०४७-५२०२४९ | |
| २४ | नेपाल टेलिकम | प्रमुख | ०४७-५२०१११<br>०४७-५२०३३३ | |

### ३.१.२ विपद् पश्चात्को सम्भावित परिदृष्य :

- सूचना प्रसारण प्रविधिहरू अवरुद्ध वा नष्ट हुने,
- सडक, पुल, विद्युत् आपूर्ति, सञ्चार आदि सार्वजनिक पूर्वाधारहरू क्षतिग्रस्त हुने,
- राजमार्ग तथा अन्य सडक अवरुद्ध भएर प्रभावित क्षेत्रमा पहुँचको कठिनाई हुने,
- आवास तथा व्यक्तिगत सम्पत्ति,अस्थायी रूपमा क्षति, बालबालिका, महिला, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति मुख्य रूपमा प्रभावित हुने,
- खेतीयोग्य जमिन, नगदे वाली तथा अन्य कृषिजन्य व्यवसायहरु  नष्ट हुने ।
- ठूलो सङ्ख्यामा मानिस विस्थापित हुने,
- उद्धार, सुरक्षा, राहत वितरणजस्ता मानवीय कार्यका लागि आवश्यक सूचना सङ्कलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुने ।

### ३.१.३ क्षेत्रगत उद्देश्य

समन्वय, सूचना संकलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालालाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ ।

### ३.१.४ समष्टिगत उद्देश्य :

- विपद्को समयमा सरकार, दातृ तह, सबै क्षेत्र (Cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु,
- निर्धारित समयभित्र "बहुक्षेत्र द्रूत लेखाजोखा विश्लेषण (Multy Cluster Initial Rapid Assessement- MIRA)" गर्न आवश्यक समन्वय गर्नु र मिरा कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु,
- सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु,
- नियमित रूपमा अनुगमन गरी सम्बन्धित क्षेत्रहरूलाई पृष्ठपोषण दिनु,
- प्रतिकार्यका सन्दर्भमा आवश्यकताअनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु ।

### ३.१.५ पूर्व सूचना प्रणाली

पूर्व सूचना प्रणालीलाई समन्वय र सूचना व्यवस्थापन अर्न्तगत राख्न सकिन्छ । विपद प्रभावित समुदायलाई समयमै सम्भावित विपद्को बारेमा सचेत गराउन अपनाइने माध्यम विपद् पूर्व सूचना प्रणाली हो । सिन्धुली जिल्लाका बिभिन्न प्रकोप प्रभावित समुदायहरूले समयमै प्रकोपको स्थितिको बारेमा थाहा पाएमा उनीहरू सोहीअनुरुप पूर्वतयारी हुन सक्षम हुन्छन जस्ले गर्दा जनधनको क्षति कम हुन गई विपद् प्रभावितहरूको संख्यामा पनि कमी हुन सक्दछ । तसर्थ यस जिल्लामा बिभिन्न संघ संस्थाहरूको समन्बय र सहकार्यमा विपद पूर्व सूचनाको प्रणाली स्थापना हुन अत्याबश्यक भइसकेको छ ।

हालसम्म यस जिल्लामा स्थायी पूर्व सूचना प्रणालीका रुपमा कमलामाई नगरपालिका वडा नं. १३ रानीबास मडाहामा रेनगेज स्टेशन हालै प्राक्टिकल एक्सनको सहयोगमा नेपाल रेडक्रस सोसाइटीको कार्यक्रम मार्फत सञ्चालनमा ल्याई कमला नदी बाढी पूर्व सूचना प्रणालीको संरचना निर्माण गरी सम्भावित जोखिम न्यूनिकरण गर्न आपतकालीन अवस्थामा सूचना प्रवाह हुने कार्यको थालनी भएको छ । संरचनागत हिसाबले यस स्टेशनबाट आपतकालीन अवस्थामा जल तथा मौषम विज्ञान विभाग बाढी पूर्वानुमान शाखा, जिल्ला आपतकालीन कार्य संचालन केन्द्र, सिन्धुली, जिल्ला समन्वय समिति, नेपाल रेडक्रस सोसाइटी सिन्धुली, नेपाली सेना, स.प्रहरी बल, सिन्धुली, जिल्ला प्रहरी कार्यालय, सिन्धुली, नेरेसो हत्पते, सिर्थौली, दुधौली, हर्षाही टाँडी र रानीबास उपशाखाहरु, जिल्लास्थित एफ.एम. स्टेशनहरु, स्थानीय प्रहरी चौकीहरु, दुधौली नगरपालिका, कमलामाई नगरपालिका तथा ८ वटा संकटाभिमुख बस्तीका समुदायिक विपद व्यवस्थापन समिति, पूर्व सूचना कार्यदल, स्थानीय तथा वडास्तरीय विपद तथा जलबायू उत्थानशील समिति, खोज तथा उद्धार कार्यदल, प्राथमिक उपचार कार्यदल र राहत तथा पूनस्थापना कार्यदलसम्म एकैपटक सूचना प्रवाह हुने गरी प्रणाली जडान गरिएको छ ।

### पूर्व सूचना प्रणालीको भूमिका :

- पूर्व सूचना प्रणालीअर्न्तगत स्थापना भएको संचारको च्यानल मार्फत प्रभावकारी समन्वय र प्रयोग गरेर ।
- समयमै सुरक्षा तहहरूलाई प्रकोपको अवस्थितीको बारेमा जानकारी दिई खोजतलास तथा उद्धार कार्यमा तयारी गर्नका लागि ।
- सोही सूचनाका आधारमा सम्बन्धित क्षेत्रमा रहेका खोज तथा उद्धार सामग्रीहरू प्रयोगमा ल्याउन ।
- पूर्व सूचना प्रणाली स्थापना गरिएका समुदायहरू बाहेकका अन्य समुदायहरूमा छिटो र छरितो रुपमा सेवा प्रदान गर्न ।

### ३.१.६ पूर्वतयारी कार्ययोजना

पूर्व सूचना, समन्वय तथा सर्वेक्षण क्षेत्रले आपत्कालीन समयमा गर्ने उल्लिखित कार्यका लागि निम्नअनुसार पूर्वतयारी गर्नुपर्नेछ :

| क्र.सं. | पूर्वतयारी क्रियाकलाप | मुख्य जिम्मेवारी | सहयोगी संस्था | समयावधि | अनुमानित खर्च |
|---|---|---|---|---|---|
| १ | पूर्वतयारी बैठक र कार्यशालाको आयोजना गर्ने तथा योजना पूनरावलोकन तथा अध्यावधिक गर्ने | जिविव्यस, विव्यस | दातृ निकाय अ/गैसस | पहिलो बैठक बैसाख दोस्रो हप्ताभित्र र अन्तिम कार्यशाला जेठ मसान्तभित्र | |
| २ | गाँउपालिका र जिल्लास्तरमा स्थापित पूर्वसूचना तथा पूर्वचेतावनी प्रणाली समन्वय समितिहरूलाई परिचालन गर्ने<br>स्थानीय विपद् व्यवस्थापन समितिलाई विपद्का समयमा सूचना प्रणालीसम्बन्धी तालिम | जिसस | गाँउपालिका, दातृ निकाय, अ/गैसस | नियमित रूपमा | |
| ३ | साझेदार तथा सहयोगी तहको सूची तयार गर्ने | क्षेत्र प्रमुख | दातृतह, अ/गैसस | जेठ १५ भित्र | |
| ४ | बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा (MIRA) तयारी | | | | |
| ४.१ | सबै क्षेत्रका एक-एक सदस्य रहेको मिरा कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस | वैशाख मसान्त | |
| ४.२ | मिरासम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस दातृ तह अ/गैसस | जेठको पहिलो साता | |
| ४.३ | मिराको लागि फाराम र निर्देशिका तयार गरी १००० प्रति तयार गर्ने | क्षेत्र प्रमुख | जिविव्यस दातृ तह अ/गैसस | जेठको पहिलो साता | |
| ४.४ | मिराको कार्यान्वयनको लागि सम्पर्क व्यक्ति तोक्ने | जिविव्यस | क्षेत्र प्रमुखहरू | जेठको पहिलो साता | |
| ४.५ | आधाररेखा सर्वेक्षण गरी तथ्याङ्कलाई सूचना केन्द्रमा अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | जिसस दातृ तह अ/गैसस | जेठको पहिलो साता | |
| ५ | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना गर्ने | क्षेत्र प्रमुख | जिविव्यस | आगामी आर्थिक वर्ष | |
| ६ | सबै गाँउपालिका र विशेषगरी सङ्कटासन्न गाँउपालिकाले सञ्चार सुविधालाई नियमित र व्यवस्थित हुने व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | गाँउपालिका सञ्चार सेवा प्रदायक तह | जेठ महिनाभित्र | |
| ७ | जोखिमयुक्त गाँउपालिकाहरूमा पूर्व चेतावनी ( Early Warning) का लागि माइक तथा साइरन उपलब्ध गराउने वा अघिल्लो वर्षको व्यवस्थालाई अध्यावधिक गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिविव्यस, जिसस, दातृ तह, गाउँपालिका, अ/गैसस | जेठ मसान्तभित्र | |
| ८ | पूर्वसूचना तथा चेतावनी प्रणालीलाई नियमित रूपमा सञ्चालन गर्न कोषको स्थापना गर्ने | क्षेत्र प्रमुख | जिसस, गाँउपालिका, | असार मसान्तसम्म | |
| ९ | जनचेतना अभिवृद्धिका क्रियाकलाप सञ्चालन गर्ने<br>• विपद्सम्बन्धी जनचेतना अभिवृद्धि गर्न पम्प्लेट, पोष्टर, पर्चा तयार गरी विशेषगरी सङ्कटासन्न गाँउपालिकाहरूमा वितरण गर्ने ।<br>• एफएम तथा पत्र पत्रिकामार्फत विपद्सम्बन्धी | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिसस, दातृ तह, अ/गैसस सञ्चार माध्यम | नियमित रुपमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ज्ञान तथा जानकारी प्रचारप्रसार गराउने | | | | |
| १० | विस्थापितहरूको पहिचानका लागि ५,००० थान परिचय पत्र छपाई तयारी अवस्थामा राख्ने । | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिसस, दातृ तह, अ/गैसस | असारको पहिलो हप्ता भित्र | |
| ११ | मसलन्द सामान तयारी अवस्थामा राख्ने । | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिसस, दातृ तह, अ/गैसस | असार दोस्रो हप्ता | |
| १२ | आधार रेखा सर्वेक्षण गर्ने र सबै क्षेत्रलाई उपलब्ध गराउने । | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिविव्यस, जिसस, गाँउपालिका | श्रावण पहिलो हप्ता | |
| १३ | सङ्कटासन्न गाँउपालिकाका कर्मचारीहरुलाई विपद्सम्बन्धी अभिमुखीकरण तालिम दिने । | जिविव्यस, जिसस | रेडक्रस अ/गैसस, | असारभित्र | |
| १४ | बाढीपहिरो र यसबाट बच्ने ज्ञान प्रवाह गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, सञ्चारकर्मी | वैशाखदेखि श्रावणसम्म | |
| १५ | भूकम्प र यसबाट बच्ने ज्ञान प्रवाह गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, सञ्चारकर्मी | नियमित | |
| १६ | आगलागी र यसबाट बच्ने ज्ञान प्रवाह गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, सञ्चारकर्मी | फागुनदेखि जेठसम्म | |

### ३.१.७ विपद्पश्चात् प्रतिकार्य योजना :

| समय अवधि | क्रियाकलापहरु | मख्य जिम्वेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला विपद् व्यवस्थापन समितिको समन्वय वैठक आयोजना:<br>● जानकारी संकलन र परिस्थितिको अध्यावधिक गर्ने<br>● सवै क्षेत्रगत समुह (Cluster) लाई कार्य विभाजन गरी जिम्मेवारी सुम्पने । | क्षेत्र प्रमुख | जिसस, दातृ तह, अ/गैसस | |
| | रेडियो, टेलिभिजन एवम् एस्एम्एस् (SMS) का माध्यमबाट तथ्यगत पूर्व चेतावनी, भए गरेका उद्धार प्रयासहरु अर्थात् सार्वजनिक आह्वान बिषयक सुचनाहरु प्रवाह गर्ने । | | जिसस, दातृ तह, अ/गैसस, संचा माध्यम | |
| | विद्युतीय संचारका सबै माध्यमबाट एकै पटक स्वत: आपतकालिन सन्देश आउने प्रणाली स्थापना गरि संचालनमा ल्याउने । | | जिसस, दातृ तह, अ/गैसस, संचार माध्यम | |
| | घटनासम्बन्धी विवरण तयार गरी सुचना प्रवाह गर्ने । | | जिसस, दातृ तह, अ/गैसस | |
| | क्षेत्रीय तथा केन्द्रीय आपतकालीन केन्द्रमा जानकारी गराउने । | | | |
| | जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रलाई विपद् प्रतिकार्यका लागि मुख्य समन्वय केन्द्रको रुपमा परिचालन गर्ने । | | | |
| दोस्रो दिन | विषयगत अगुवा संस्था तथा सहयोगी सस्थाहरुको बैठक (आवश्यकता अनरुप निरन्तर बस्ने) | क्षेत्र प्रमुख | जिसस, गाउँ/नगरपालिका दातृ तह, अ/गैसस | |
| | स्रोत साधनको आंकलन गर्ने (आबश्यकता, लेखाजोखा र खाडल पहिचान गर्ने ) | | | |
| | स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय सरोकारवालासँग सम्भाव्य सहयोगका लागि समन्वय गर्ने । | | | |
| | आकस्मिक संचारको प्रवन्ध गर्ने तथा यथाशीघ्र छिटो दूरसञ्चारको पुन:र्स्थापना गरी सेवा सञ्चालन गर्ने । | | | |
| | विपद् प्रतिकार्य पश्चात शीघ्र अवधिमा पुन:स्थापना गर्नका लागि कार्य योजना वनाउने | | | |
| पहिलो | द्रुत लेखाजोखा (Rapid Assessment) गरि संकलित तथ्यांक | क्षेत्र प्रमुख | जिसस, दातृ तह, | |

| | | | | |
|---|---|---|---|---|
| **हप्ता** | विश्लेषण र सम्प्रेषण गर्ने । | | अ/गैसस | |
| | विषयगत समितिका सवै सदस्य र सरोकारवाला निकायलाई जानकारी गराई प्रतिवेदनका आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने । | | | |
| | बिषयगत बैठक र घटनाको विवरण संकलन गर्ने कार्य निरन्तर गर्ने । | | | |
| | प्रभावित परिवारको दर्ता गर्ने, पीडितको लागि परिचयपत्र उपलब्ध गराउने र तथ्याङ्कको उचित प्रबन्ध र व्यवस्था गर्ने । | | | |
| **पहिलो महिना** | क्षेत्रगत कार्य समुहका कार्य प्रगति विवरण सङ्कलन र समीक्षा । | क्षेत्र प्रमुख | जिसस, दातृ तह, अ/गैसस | |
| | सवै सूचनाहरु निरन्तर अध्यवाधिक गर्दै जाने र सरोकारवाला निकाय एवं सञ्चारमाध्यमलाई उपलब्ध गराउने (२४ घण्टा भित्र, पहिलो १ हप्तामा दैनिक, दोश्रो हप्तावाट हप्तामा १ पटक र आवश्यकता अनुसार) | | | |
| **दोस्रो महिना** | विपद्को पूर्वसूचना दिने महत्वपूर्ण पूर्वाधारहरूको लेखाजोखा गरी निर्माण तथा पुनःनिर्माण गरिनेछ । | क्षेत्र प्रमुख | | |

## ३.२. क्षेत्र : खोजतलास तथा उद्धार

### ३.२.१ नेतृत्व प्रदान गर्ने निकाय : जिल्ला प्रशासन कार्यालय, सिन्धुली

**क्षेत्रगत सदस्यहरूको सूची :**

| क्र. सं. | जिल्लाका क्षेत्रगत साझेदारहरूको नाम | सम्पक व्यक्ति | टेलिफोन नम्बर, | ई-मेल ठेगाना |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ०४७-५२०१३३<br>९८५४०६७७७७ | cdosindhuli@gmail.com |
| २ | नं.९ बाहिनी अड्डा | बाहिनीपति | ०४७-५२०१३१ | ninebrigade56@gmail.com |
| ३ | वर्द बहादुर गण | प्रमुख सेनानी | ०४७- ६२००८९,<br>०४७- ६२००९१ | |
| ४ | जिल्ला प्रहरी कार्यालय | प्रहरी उपरीक्षक | ०४७-५२०१९९,<br>९८५४०६५५५५ | dposindhuli@gmail.com |
| ५ | सशस्त्र प्रहरी बल आश्रित गुल्म | सशस्त्र प्रहरी नायव उपरीक्षक. | ०४७-५२११११ | |
| ६ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | प्रमुख अनुसन्धान अधिकृत | ०४७-५२०२३३ | |
| ७ | मध्य क्षेत्र प्रहरी तालिम केन्द्र | बरिष्ठ प्रहरी उपरीक्षक | ९८५४०४१७८९,<br>९८५४०४०७३३ | mrptc_dudhauli@gmail.com |
| ८ | वन तथा पर्यावरण सुरक्षा गण | प्रमुख सेनानी | ०४७-६९१८५७ | |
| ९ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ०४७-५२०२२६,<br>९८४४०४०२१४ | nrcs.sindhuli68@gmail.com |
| १० | उद्योग वाणिज्य संघ | अध्यक्ष | ०४७-५२०६०९,<br>९८५४०४२६०९ | sindhulicci@gmail.com |
| ११ | बिपी यातायात कम्पनी लिमिटेड | अध्यक्ष | ०४७-५२०५८९ | |

### ३.२.२ **विपद् पश्चात्को सम्भावित परिदृष्य :**

- सार्वजनिक पूर्वाधारहरू (सडक, पुल, विद्युत, आपूर्ति, सञ्चार) क्षति,
- आवास तथा व्यक्तिगत सम्पत्ति, अस्थायी रूपमा क्षति, बालबालिका, महिला, वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरु मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन,
- विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि अधिक चाप र नियमित सेवामा अवरोध
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्य सम्बन्धी उपचारमा देखिएका समस्या/चुनौती र वातावरणमा नकारात्मक असरका कारण दीर्घकालीन स्वास्थ्य तथा विकासमा समस्या,
- आवास लगायत अत्यावश्यक मानवीय सहयोग तत्काल आवश्यक हुने गरी विस्थापित परिवार र प्रकोपबाट मानवीय क्षति तथा घाइते

- प्रतिकार्यका लागि खटिएका स्वयम्सेवकहरुका लागि अत्यावश्यक खाना, खानेपानी तथा सरसफाइको अभाव

३.२.३ **समष्टिगत उद्देश्य :**

विपद्को बेला तत्काल खोज तथा उद्धारको आवश्यकता परेका व्यक्ति, परिवार वा समुदायलाई तत्काल खोज तथा उद्धार गरि मानवीय क्षति तथा भविष्यमा हुन सक्ने अन्य जोखिमहरुको न्यूनीकरण गर्ने ।

**३.२.४ विशिष्ट उद्देश्य :**

- तयारी अवस्थाको लागि विषयगत क्षेत्रको बैठक नियमित रुपमा बस्ने,
- खोज तथा उद्धारसम्बन्धी टोलीको गठन र आवश्यक पूर्व अभ्यास सञ्चालन गर्ने,
- खोज तथा उद्धारका लागि चाहिने आवश्यक उपकरण तथा औजारहरुको उचित भण्डारण, व्यवस्थापन र परिचालन विधिबारे सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धि तथा शिघ्र पहुँचको व्यवस्था गर्ने,
- सम्भावित खोज तथा उद्धारको आवश्यकता पर्न सक्ने समुदायको नक्शाङ्कन तथा त्यस क्षेत्रमा पहुँच सम्बन्धी वैकल्पिक बाटो/साधन वा अन्य उपायसहितको योजना र त्यसबारे सो क्षेत्रका जिम्मेवार व्यक्ति वा संस्थालाई अभिमूखीकरण गर्ने,
- जिल्लाको समग्र क्षेत्र विपद्बाट प्रभावित हुने हुनाले क्षेत्रगत हिसावले खोज तथा उद्धार र राहत टोलीको जिम्मेवारी, कार्य विभाजन र थप सहयोगका लागि आवश्यक समन्वय गर्ने,
- विपद्को समयमा हुनसक्ने सम्भावित क्षतिहरु न्यूनिकरण गर्ने ।

**३.२.५ मानवीय सहयोगका न्यूनतम मापदण्ड :**

- विपद्को लगत्तै उपकरणसहित खोजी तथा उद्धार (Search & Rescue) टोली खटाउने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- सुविधाबाट एकदमै वञ्चित समूह/संकटासन्न अवस्थामा रहेका व्यक्तिलगायत सबैलाई गरिएको उद्धार र वितरण गरिएका सहयोगसम्बन्धी गतिविधिको अनुगमन ।
- अवस्था हेरी (आवश्यकतामा आधारित रहेर) मिरा (Multi Culster Initial Rapid Assessment) टीम खटाउने ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दैनिक र त्यसपछि हरेक दुई हप्तापछि प्रतिवेदन पेस गर्ने ।
- शिविर समन्वय तथा शिविर व्यवस्थापन (Camp Coordination & Camp Management) को अनुगमन तथा प्रतिवेदन गर्ने (फाराम सहितको) संयन्त्र ।
- पहिलो हप्तामा हरेक दिन र प्रकोप भएको २४ घण्टाभित्र समाचार संचार माध्यममा पठाउने ।
- नियन्त्रण तथा मानवीय सहयोगसम्बन्धी मापदण्ड कायम गर्ने सांस्कृतिक, सामाजिक तथा आर्थिक रूपमा स्वीकार गर्न सकिने सामग्री-दाता/सहयोग उपलब्ध गराउने (निकायबाट प्रत्यक्ष वितरण होइन) ।
- स्थानीय विपद् उद्धार समितिलाई सक्रिय पार्ने (अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन) ।

**प्राथमिक उपचार :**

घाइतेहरूको खोज तथा उद्धार पश्चात तत्काल घटनास्थलबाट अस्पताल पुऱ्याउनु अघि प्राथमिक उपचार प्रदान गर्न अत्याबश्यक हुन्छ । तसर्थ प्रभाबित क्षेत्रहरूमा सुरक्षा निकायसँग निकटतम् समन्बय गरी घाइतेहरूलाई प्राथमिक उपचारका लागि नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखाले आफ्ना स्वंयसेवकहरू खटाउने छ ।

**३.२.६ पूर्वतयारी कार्ययोजना :**

| **क्र.सं.** | **क्रियाकलापहरु** | **जिम्मेवारी** | **सहयोगी** | **समयावधि** |
|---|---|---|---|---|
| १ | खोज तथा उद्धारसम्बन्धी जनशक्ति तयार गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, रेडक्रस, नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| २ | विपद्मा उद्धारका लागि परिचालन हुने उद्धारकर्मीको चयन गरी कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | जेष्ठ पहिलो साता |
| ३ | उद्धारको लागि थप जनशक्ति आवश्यक परेमा थप गर्न सकिने गरी वैकल्पिक उद्धारकर्मीको व्यवस्था मिलाउने | क्षेत्र प्रमुख | नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | जेष्ठ १५ गते सम्म |
| ४ | तत्कालीन उद्धारको लागि स्थानीय तहबाट प्राप्त हुने जनशक्ति, उद्धारका लागि आवश्यक पर्ने साधनको पहिचान र नकसाङ्कन गर्ने | क्षेत्र प्रमुख | जिसस, रेडक्रस, अ/गैसस, सुरक्षा तह | जेठ पहिलो साताभित्र |
| ५ | उद्धार कार्यदललाई मानवीय सहयोग तथा उद्धारकार्यमा परिचालन हुँदा अपनाउनु पर्ने सतर्कता, उत्तरदायित्वजस्ता विषयमा अनुशिक्षण दिने | जिविव्यस | जिसस, दातृ तह, रेडक्रस, अ/गैसस | जेठ मसान्तभित्र |
| ६ | खोज तथा उद्धार कार्यदललाई प्रयोगात्मक तालिम दिने | क्षेत्र प्रमुख | जिविव्यस, रेडक्रस, अ/गैसस | वैशाखभित्र |
| ७ | आपत्कालीन आवासको लागि सुरक्षित स्थानको पहिचान (गाँउपालिका भवन, विद्यालय, सामुदायिक आवास) | क्षेत्र प्रमुख | जिविव्यस, गाँउपालिका, सुरक्षा तह | जेठ मसान्त |
| ८ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी प्राथमिक उपचार सामग्रीको व्यवस्था र चिकित्सक र नर्स पहिचान गरी विपद्मा प्राप्त हुने सेवाबारे सम्झौता गर्ने | क्षेत्र प्रमुख | स्वास्थ्य क्षेत्र जिल्ला जनस्वास्थ्य कार्यालय | जेठ मसान्तभित्र |
| ९ | खोज तथा उद्धारसम्बन्धी कार्यको लागि अनुगमन टोली गठन गर्ने | क्षेत्र प्रमुख | राजनीतिक दल नागरिक समाज, रेडक्रस | २० असार सम्म |
| १० | एफएम रेडियोहरूमार्फत पूर्वचेतनावनी तथा पूर्वसूचना प्रशार गर्ने | क्षेत्र प्रमुख | जिविव्यस सञ्चारमाध्यम | जेठको प्रारम्भदेखि भदौ मसान्तसम्म |

### ३.२.७ विपद् प्रतिकार्य कार्ययोजना ।

| समय अवधि | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| **पहिलो दिन** | प्राप्त सूचनाको आधारमा समन्वय गरि संयुक्त टोली परिचालन गरी खोज तथा उद्दार गरी प्राथमिक उपचार गर्ने । | क्षेत्र प्रमुख | जिविव्यस, रेडक्रस, नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | |
| | ठूला विपद्हरूको सामना गर्न घटना आदेश प्रणाली (Incident Command System) को लागु गर्ने । | क्षेत्र प्रमुख | नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | |
| | Rapid Response Team (RRT) सँग समन्वय गरेर पीडित घाइतेहरुका सम्बन्धमा तत्काल घटनास्थलमै उपचारको व्यवस्था मिलाउने र गम्भीर घाइतेलाई अस्पताल पठाउने । | क्षेत्र प्रमुख | जिसस, गाउ/नगरपालिका, स्वास्थ्य, यातायात समिति | |
| | एम्बुलेन्स सेवा, आपत्कालीन प्राथमिक उपचार र घाइतेको लागि यातायातको व्यवस्था तत्काल मिलाउने । | क्षेत्र प्रमुख | जिविव्यस, रेडक्रस, स्वास्थ्य, यातायात समिति | |
| | सडक सम्पर्क न्यूनतम पुनर्स्थापना गर्ने । | क्षेत्र प्रमुख | जिसस, गाउ/नगरपालिका, नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | |
| | भीड व्यवस्थापन गरि स्थान खाली गर्ने, पीडितहरुलाई नजिकको अस्थाई क्याम्पहरुमा पठाउने । | क्षेत्र प्रमुख | नेपाल प्रहरी, सप्रबल, नेपाली सेना र रेडक्रस | |
| **दोस्रो दिन** | पहिलो दिनको कार्यमूल्यांकनको आधारमा थपघट | क्षेत्र प्रमुख | जिसस, | |

| | | | | |
|---|---|---|---|---|
| | गरि टोली परिचालन, आवश्यकताको पहिचान गरि सर्वेक्षण, समन्वय, सूचना तथा पूर्व चेतावनी प्रणाली क्षेत्रसँग समन्वय गरी उद्धार कार्यलाई निरन्तरता दिने । | | गाउ/नगरपालिका, नेपाल प्रहरी, सप्रबल, नेपाली सेना | |
| | बिषयगत क्षेत्रले घटनाको वस्तुगत विवरण तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने । | | | |
| | खोज तथा उद्धार र राहतका सामग्रीहरुका ढुवानी सुविधाका लागि यातायातको प्रवन्ध गर्ने । | | जिसस, गाउनगरपालिका, यातायात समिति | |
| | स्थानीय तहमा रहेका स्वयंसेवकहरुको आवश्यकता अनुसार सहयोग लिइने । | | | |
| **पहिलो हप्ता** | उद्धार गरिएकाहरुको निरन्तर उपचार तथा पुनर्स्थापना स्थलमा पठाउने । | क्षेत्र प्रमुख | | |
| **पहिलो महिना** | विपद् घटनाको, खोज तथा उद्धार प्रयासको विश्लेषण सहित DDMC मा प्रतिवेदन पेश गर्ने । | क्षेत्र प्रमुख | | |

## ३.३ क्षेत्र : आपतकालीन आवास तथा गैर-खाद्य सामाग्री

**नेतृत्व प्रदान गर्ने निकाय : जिल्ला समन्वय समिति, सिन्धुली**

**३.३.१ क्षेत्रगत सदस्यहरूको सूची :**

| क्र.सं | क्षेत्रगत साझेदारहरूको नाम | पद | टेलिफोन नम्बर | इमेल |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति | समन्वय अधिकारी | ०४७-५२०१४९ | sindhuliddc@gmail.com |
| २ | शिक्षा विकास तथा समन्वय इकाई | इकाइ प्रमुख | ०४७-५२०१७५ | deosindhuli047@gmail.com |
| ३ | शहरी विकास तथा भवन निर्माण कार्यालय, सिन्धुली | डिभिजन प्रमुख | ०४७ ५२११३९ | dudbcsindhuli@gmail.com |
| ४ | डिभिजन वन कार्यालय, सिन्धुली | प्रमुख | ०४७-५२०१३५ | |
| | नेपाल रेडक्रस सोसाइटी सिन्धुली | सभापति | ०४७-५२०१२० | nrcs.sindhuli68@gmail.com |
| ५ | उद्योग वाणिज्य संघ | अध्यक्ष | ०४७-५२०६०९<br>९८५४०४२६०९ | sindhulicci@gmail.com |
| ६ | नेपाल निर्माण व्यवसायी संघ | अध्यक्ष | | |
| ७ | ठूला उपकरण व्यवसायी संघ | अध्यक्ष | | |
| ८ | यातायात कम्पनी लिमीटेड | अध्यक्ष | | |
| ९ | प्लान इन्टरनेशनल नेपाल | प्रमुख | ०४७ ५२१०९२ | |
| १० | सवल परियोजना | प्रमुख | | |

**३.३.२ विपद पश्चात्को सम्भावित परिदृष्य :**

- सार्वजनिक पूर्वाधारको क्षति (सडक, पुल, विद्युत् आपूर्ति, सञ्चार),
- आवासको अस्थायी क्षति तथा मुख्य रूपमा केटाकेटी, महिला, वृद्ध-वृद्धा र विभिन्न किसिमले फरक क्षमताका मानिस (अपाङ्ग) हरूको विस्थापनसहित व्यक्तिगत सामानहरूको क्षति,
- मानवीय सहयोगका लागि लक्षित जनसंख्याको पहिचान गर्न कठिन,
- विद्यालयका कक्षा कोठा, पुलिस चौकी तथा स्वास्थ्य केन्द्रहरूजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दबाबको सिर्जना,
- सामुदायिक संस्थागत स्थानहरूमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वास्थ्यसम्बन्धी व्यवहारमा देखिने चुनौतीहरू,
- तालिम प्राप्त जनशक्तिको उपलब्धतामा कठिनाई ।

**३.३.३ समष्टिगत उद्देश्य :**

- **आवास :**
  सुरक्षित तथा न्यूनतम मानवीयस्तरको बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने । (यथासम्भव यस प्रक्रियामा बढीभन्दा बढी आत्म-निर्भरता तथा आफैं व्यवस्थापन (Self-management) प्रकृया अपनाउन जोड दिइने छ ।)

- **शिविर समन्वय तथा शिविर व्यवस्थापन (CCCM) :**
  प्राकृतिक विपद्का कारणले घरवारविहीन बनेका मानिसहहरूका निमित्त तत्काल अस्थायी शिविर तथा स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त जीवन स्तर उठाई शिविरहरूमा जीवन स्तरमा सुधार ल्याउने ।

**३.३.४ विशिष्ट उद्देश्य :**

- जलवायुका प्रतिकूल असरहरूबाट संरक्षण प्रदान गर्नका लागि मानिसहरूसँग छाना भएका पर्याप्त ठाउँ तयार गर्ने,
- जलवायुबाट संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसँग पर्याप्त कम्बल एवं लुगा व्यवस्था गर्ने,
- घरायसी भाँडा-कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि साबुन एवं तिनको मर्यादा तथा कल्याणका लागि औजारहरूमा परिवारहरूको पहुँच पुऱ्याउने ।
- महिला, बालबालिका तथा विशेष अवस्था गर्भवती, सुत्केरी, दिर्घ रोगीको लागि सुरक्षित स्थानको व्यवस्था गर्ने ।

**३.३.५ मानवीय सहयोगसम्बन्धी न्यूनतम मापदण्ड (स्फेयर परियोजना) :**

| क्र.सं. | विवरण | मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | आपतकालीन आवास | ▪ औसतमा एक व्यक्तिका लागि ३.५-४.५ मिटरको छानो भएको क्षेत्र<br>▪ औसतमा ५ सदस्यहरुको एक परिवारका लागि कम्तीमा पनि ४X५ मिटरको डोरीसहितको प्लाष्टिक सिट र सहायता सामाग्री | |
| २ | कम्बल | परिवारको सबै सदस्यहरुलाई पुग्ने गरी | |
| ३ | लुगा कपडा | ● दुई वर्षसम्मका केटाकेटीहरुका लागि कम्तीमा पनि एक पुरा सेट कपडा<br>● महिला, केटी, पुरुष तथा केटाहरुको लागि कम्तीमा पनि एक पूरा सेट कपडा<br>● सुत्केरी तथा गर्भवती महिलाको लागि Dignity Kit<br>● महिला तथा किशोरीहरुको लागि Sanitraty Pad सहितको सहितको Kit | |

**गैर खाद्य सामाग्री :**

**उदेश्य :** विपदबाट प्रभावितहरुलाई उपलब्ध गराइने लुगाफाटा, कम्बल तथा ओछ्याउने सामाग्री जस्ता गैरखाद्य सामाग्रीहरु, विपद्को कारण प्रतिकूल भएको हावापानी तथा परिस्थितिबाट बच्नका लागि व्यक्तिगत मानवीय आवश्यकताहरु तथा स्वास्थ्य, गोपनीयता र सम्मान कायम गर्न सहयोग गर्दछ । परिवारहरुलाई व्यक्तिगत स्वास्थ्य सम्बन्धी आवश्यकताहरु पूरा गर्न र खान, न्यानो आराम दिन, आश्रय निर्माण तथा मर्मतसम्भार गर्न सघाउनका लागि आधारभूत गैर खाद्य सामाग्री तथा आपूर्तिहरु अत्यावश्यक हुने हुँदा यस सम्बन्धी सञ्चालनको क्षमतामा वृद्धि ल्याउने ।

**जिम्मेवारी :** विपदबाट प्रभावितहरुलाई गैर खाद्य सामाग्रीहरु उपलब्ध गराउने कामको नेतृत्व नेपाल रेडक्रस सोसाइटीले गर्नेछ । यस कार्यको लागि एकल संस्थाको क्षमताले धान्न नसक्ने हुँदा सबै मानवीय नियोगहरुको सहयोग अनिवार्य हुन्छ । कुनै पनि विपद्को कारण १० भन्दा बढी परिवार एकैपटक प्रभावित भएको अवस्थामा गैर खाद्य सामाग्री सहयोगका लागि सक्रिय हुनेछ ।

**न्युनतम मापदण्ड :** विपद् प्रभावितहरुलाई आफ्नो व्यक्तिगत सम्मान, सुरक्षा तथा भलाई सुनिश्चित गर्नका लागि आवश्यक संस्कृति र हावापानी तथा मौसम सुहाउदो उमेर र लिंग अनुसारको १ जोर लुगाफाटा तथा ओछ्याउने र घामपानीबाट बच्नका लागि प्रत्येक परिवारलाई त्रिपाल, सामान्य स्वास्थ्य कल्याण हुने कुरा सुनिश्चित गर्न हरेक विपदग्रस्त परिवारलाई शुद्ध पिउने पानी संकलन गर्ने तथा खाना पकाउने भाँडाकुँडा उपलब्ध गराउनु पर्दछ ।

**न्यूनतम कार्यहरु :**

- जिल्लामा कम्तीमा १५० परिवारको लागि गैर खाद्य सामाग्रीको भण्डारण गरी राख्ने र कम्तीमा १०० परिवारको लागि पहुँच बनाउने,

- विपद पीडितहरुलाई विपद्को स्तर कम भएको ७२ घण्टाभित्र गैर खाद्य सामाग्री आवश्यकता पहिचान गरी वितरण प्रकृया सुरु गर्ने,
- नव सुत्केरी तथा नवजात शिशुहरुको आवश्यकता पूरा गर्ने गरी बेग्लै २५ सेट बाल गैर खाद्य सामाग्रीहरुको व्यवस्था गर्ने,
- किशोरीहरुको लागि सरसफाई, Sanitaty Pad जस्ता विशेष आवश्यकतालाई सम्वोधन गर्ने गैर खाद्य सामाग्रीहरुको व्यवस्था गर्ने,
- सहयोग उपलब्ध गराउदा उनीहरुलाई जीवन निर्वाह गर्न, संस्कृतिलाई कायम राख्न, प्रतिकूल मौसम तथा हावापानीबाट बच्न, व्यक्तिगत स्वाभिमान तथा गोपनीयता बचाई राख्न महिला, बालबालिका, सुत्केरी र शिशुलाई प्राथमिकतामा राखी उपयुक्त न्यूनतम आवश्यक सामाग्रीहरु विपद् प्रभावित क्षेत्रमा गई उपलब्ध गराउनु पर्ने ।

एक घर परिवार (६ जना) का लागि न्यूनतम गैर खाद्य सामाग्रीहरु

| क्र.सं. | सामाग्रीको नाम | थान/मिटर | विवरण |
|---|---|---|---|
| १ | कम्बल | २ थान | ५० प्रतिशत उलन |
| २ | त्रिपाल | १ थान | १२x१८ फिट/५ केजी |
| ३ | भाँडाकुडा | १ सेट | १. डेक्ची - १ वटा २. सानो डेक्ची - १ वटा<br>३. कराई - १ वटा ४. थाली - ३ वटा<br>५. कप - २ वटा ६. डाडु - १ वटा<br>७. पन्यू - १ वटा २. गिलास - २ वटा |
| ४ | प्लाष्टिक बाल्टिन | १ थान | १५ लिटरको ढक्कनसहित |
| ५ | मग | १ थान | १ लिटरको |
| ६ | जिन कपडा | ५ मिटर | |
| ७ | छिट कपडा | ५ मिटर | |
| ८ | पपलिन कपडा | ६ मिटर | |
| ९ | धोती - महिला /पुरुष | २ थान | |
| १० | धोती/लुंगी | १ थान | |
| ११ | कालो प्लाष्टिक | १ थान | १०x१२ फिट |

### ३.३.६ पूर्वतयारी कार्ययोजना :

| क्र.सं. | पूर्वतयारीसम्बन्धी क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
| १ | क्षेत्रमा संलग्न सदस्य संस्थाहरूको विवरण अद्यावधिक गर्ने | क्षेत्र प्रमुख | जिविव्यस | वैशाख महिना |
| २ | पूर्वतयारी समन्वय बैठक आयोजना गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, क्षेत्रका सबै सदस्य | जेठको पहिलो साता |
| ३ | पूर्वतयारीका लागि कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, रेडक्रस, गाँउ/नगरपालिका, अ/गैसस, | जेठको पहिलो साता |
| ४ | सम्भावित सहयोगी तह तथा संस्थाहरूको पहिचान गरी बाँच्नका लागि आवश्यक आधारभूत सामाग्रीहरुको उपलब्धता सूची तयार गर्ने | कार्यदल | क्षेत्रका सदस्य | जेठको पहिलो साता |
| ५ | अस्थायी बसोबासको लागि गाँउ/नगरपालिकाका सुरक्षित सार्वजनिक जग्गा तथा स्थानको पहिचान | कार्यदल | जिविव्यस, गाँउ/नगरपालिका, | जेठको पहिलो साता |

| | | | | |
|---|---|---|---|---|
| | गरी उपयोग गर्ने सहमति लिने | | रेडक्रस | |
| ६ | आवास तथा गैर खाद्य सामग्रीको आपूर्तिको लागि बजार र बिक्रेताका वैकल्पिक सूची बनाउने, आवश्यकता अनुसार सम्झौता गर्ने | कार्यदल | जिविव्यस, गाँउ/नगरपालिकाका, रेडक्रस, अ/गैसस | जेठ मसान्तभित्र |
| ७ | सङ्कटासन्न गाँउ/नगरपालिका र अन्य सुरक्षित गाँउ/नगरपालिकाकाका सुरक्षित स्थानमा सामुदायिक आश्रयस्थल बनाउने | कार्यदल | जिविव्यस, अ/गैसस, गाँउ/नगरपालिका | वैशाख महिना |
| ८ | विस्थापित परिवारको लागि आश्रयस्थल बनाउन आवश्यक पर्ने बाँस, डोरी र खाना बनाउने भाँडावर्तन, इन्धन आदि समयमै उपलब्ध हुने व्यवस्था मिलाउने | कार्यदल | जिविव्यस, गाँउ/नगरपालिका, रेडक्रस, अ/गैसस | जेठ दोस्रो साता |
| ९ | सामाग्री वितरणको लागि यातायात तथा अन्य व्यवस्था मिलाउने | कार्यदल | जिविव्यस, रेडक्रस, अ/गैसस | जोठ मसान्त |
| १० | शिविर व्यवस्थापन तथा समन्वय समितिको संरचना र जिम्मेवारीहरू निर्धारण तथा परिभाषित गर्ने । | क्षेत्र प्रमुख तथा कार्यदल | क्षेत्रका सदस्य | जेठ मसान्त |
| ११ | आवास तथा गैर खाद्य सामाग्री वितरणको पूरा सूची राख्ने र नियमित रुपमा प्रतिवेदन तयार गरी जिविव्यस तथा अन्य सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका अन्य सदस्य, कार्यदल | शिविर सञ्चालन भएमा नियमित |

**३.३.७ विपद् प्रतिकार्य कार्ययोजना :**

| समय अबधि | क्रियाकलापहरु | मुख्य जिम्मेबारी | सहयोगी संस्था | अनुमानित लागत |
|---|---|---|---|---|
| पहिलो दिन | सूचना संकलन तथा परिस्थितिलाई अध्यावधिक गर्ने, | क्षेत्र प्रमुख | जिविव्यस, स्थाविव्यस | |
| | पहिचान गरिएका विद्यालय, सामुदायिक आवासहरुमा विस्थापितहरुलाई राख्ने | | जिविव्यस, गाँउ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| | पहिचान गरिएका सुरक्षित तथा खुल्ला स्थानहरुमा आवश्यक संख्यामा अस्थायी शिविर निर्माण गर्ने | | | |
| | विस्थापित परिवारहरुलाई अस्थायी शिविरमा राख्ने | | | |
| | प्राप्त सूचनाका आधारमा स्रोतसाधनहरुको आंकलन र विवरण तयार गर्ने | | | |
| | आवश्यकता अनुसार थप सामाग्रीहरुको संकलनको वातावरण मिलाउने | | | |
| दोश्रो दिन | सूचना संकलन कार्य तथा बैठकलाई निरन्तरता दिने | क्षेत्र प्रमुख | जिविव्यस, गाँउ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| | राहत सामाग्रीको ढुवानी र प्राप्तिको कामलाई समन्वय गरी सहज बनाउने | | | |
| | राहत सामाग्रीहरु वितरण गर्ने | | | |
| | विस्थापित परिवारहरुको संख्या यकिन गरी थप अस्थायी शिविर निर्माण गर्ने | | | |
| | क्षेत्रगत/बिषयगत समन्वय गरी विस्तृत सर्वेक्षणको पूर्वतयारी गर्ने, | | | |
| पहिलो हप्ता | आधिकारिक विषयगत क्षेत्रबाट आएको विस्तृत सर्भेक्षण प्रतिवेदन अध्ययन गरी अस्थायी शिविरहरुको आवश्यकता अनुसार थप व्यवस्थापन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाँउ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| पहिलो महिना | विस्थापितहरुको सम्भावित विस्थापन अवधि विश्लेषण गर्ने र थप अस्थायी शिविरहरुको तयारी गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाँउ/नगरपालिका, रेडक्रस, अ/गैसस | |
| | विपद् घटना तथा पुनर्स्थापनाका प्रयासहरुको समग्र विश्लेषणसहित प्रतिवेदन तयार गर्ने । | | | |
| दोश्रो महिना | नियमित अनुगमन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस, गाँउ/नगरपालिका, रेडक्रस, अ/गैसस | |

## निकायगत स्रोत साधनको आंकलन :

(भौतिक सामग्री, सवारी साधन तथा मानवीय संशाधन सम्बन्धि बिबरण)

| सि. नं. | कार्यालय/संघ संस्थाको नाम | आपतकालीन अबस्थामा उपलब्ध हुने | | | | | | कैफियत (उपलब्धता) |
|---|---|---|---|---|---|---|---|---|
| | | सामग्री/ राहत सामग्रीको नाम | संख्या (परिमाण) | सामाग्री चालु अवस्था | सामाग्री रहेका स्थान | जनशक्ति (संख्या) | सम्पर्क विवरण | |
| १ | नेपाल रेडक्रस सोसाइटी सिन्धुली | गैरखाद्य | १५० परिवार | चालू | सिन्धुली | २० जना | ०४७-५२०१२० | तुरुन्त |
| २ | प्लान इन्टरनेशनल नेपाल | गैरखाद्य | २०० प्याकेज | | मकवानपुर | | ०४७-५२१०९२ | माग भए पश्चात |

## ३.४ विषयगत क्षेत्र (Cluster) : कृषि तथा खाद्य

**नेतृत्व गर्ने निकाय :** जिल्लामा कृषि तथा खाद्य विषयगत क्षेत्रको नेतृत्व गर्ने निकाय कृषि ज्ञान केन्द्र हुनेछ भने यस क्षेत्रमा कार्यरत संघ सस्था यसको लागि सहयोगी निकायको रुपमा रहने छन् ।

स्थानीय तहमा भने नगरपालिका तथा गाउँपालिका अन्तर्गत रहने भएकोले सम्बन्धित नगरपालिका तथा गाउँपालिका नै यस क्षेत्रको नेतृत्व गर्ने निकाय हुनेछ ।

### ३.४.१ क्षेत्रगत सदस्यहरूको सूची :

| क्र.सं | बिषयगत साझेदारहरूको नाम | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर | इमेल ठेगाना |
|---|---|---|---|---|
| १ | कृषि ज्ञान केन्द्र | प्रतिनिधि | ०४७-५२०१६६ | dadosindhuli@gmail.com |
| २ | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | प्रतिनिधि | ०४७-५२०१८५ | |
| ३ | कन्दमुल तरकारी विकास केन्द्र | प्रतिनिधि | ०४७-५२०१२२ | |
| ४ | उद्योग वाणिज्य संघ, सिन्धुली | प्रतिनिधि | ०४७-५२०२४९ ९८५४०४२६०९ | |
| ५ | नेपाल रेडक्रस सोसाइटी | प्रतिनिधि | ०४७-५२०१२० | nrcs.sindhuli68@gmail.com |
| ६ | प्लान इन्टरनेशनल नेपाल | प्रतिनिधि | ०४७-५२१०९२ | |
| ७ | करितास नेपाल | प्रतिनिधि | | |
| ८ | सबल सिन्धुली | प्रतिनिधि | ०४७-५२१०३८ | |
| ९ | रिलिफ नेपाल | प्रतिनिधि | ९८५११३४७३४, ०४७-५२०९१५ | reliefns@gmail.com |
| १० | सिड्स नेपाल | प्रतिनिधि | ०४७-५२००३६ | sids@ntc.net.np |
| ११ | सा.वि.का. सिन्धुली | प्रतिनिधि | ९८४४२३२०७१ | cdps@ntc.net.np |
| १२ | हाम्रो प्रयास नेपाल | प्रतिनिधि | ९८४१९४३२८४ | hamroprayash.sindhuli@gmail.com |

### ३.४.२ **विपद् पश्चात्को सम्भावित् परिदृष्य :**

- प्रभावित परिवारहरुमा तत्काल आवश्यक नियमित खाना तथा पहुँचमा कमी,
- न्यून खानाका कारण विशेष गरी गर्भवती महिला, बृद्धबृद्धा र बालबालिकामा रोगको संक्रमण तथा संक्रमणको संभावनामा वृद्धि र शारीरिक कमजोरी हुने,
- बालबालिकाहरुको शारिरिक तथा मानसिक विकासमा गतिरोध,
- परम्परागत भन्दा वजारीया खानेकुराको उपभोगमा वृद्धि भई स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्ने ।
- स्थानीय बजारमा उपलब्ध खाद्य सामग्रीहरुको मूल्य वृद्धि तथा कालावजारीको सम्भावना
- यातायातको अभावका कारण खाद्य सामाग्रीहरुको ओसार पसारमा कमी आउने,
- परिवारको सम्पति, जीविकोपार्जन, बाली नोक्सान, पशुधन क्षतिको सामना गर्ने रणनीतिमा बाधाका कारणहरूले गर्दा मध्यम अवधिको तीव्र खाद्य असुरक्षा ।

### ३.४.३ समष्टिगत उद्देश्य :

विपद्बाट प्रभावित खाद्यान्न अभावमा परेका व्यक्तिहरुलाई जीवन जिउनका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर संभावित रोगका संक्रमण र शारीरिक तथा मानसिक विकासको अवरोध कम गरी मानवीय जीवन र स्वाभिमानको रक्षा गर्दै जीवनको रक्षा गर्ने ।

**३.४.४ विशिष्ट उद्देश्य :**

- जीवन जीउनका निमित्त विपद्बाट प्रभावित घरपरिवारलाई प्रति व्यक्ति प्रति दिन आवश्यक न्यूनतम क्यालोरी शक्ति सहितको खाना प्रभावित समुदायको धर्म, संस्कृति र विशेष आवश्यकता/परिस्थितिका आधारमा उपलब्ध गराउने ।
- जोखिममा परेका प्रभावित घरपरिवारको पहुँच तथा उपलब्धतामा बृद्धि भई खाद्यान्नको अभावमा सृजना हुन सक्ने शारीरिक अस्वस्थताको जोखिम तथा संरक्षणका चुनौतिहरु कम गर्ने ।

**३.४.५ मानवीय सहयोगको मापदण्ड :**

प्रभावित व्यक्तिहरूको पहुँच निम्न वस्तुमा हुनेछ :

(१) प्रति व्यक्ति प्रति दिन न्यूनतम २,१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्नको राशन,

(२) प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँचयोग्य खाद्य पदार्थमा परिपूरक (Complementary) को रूपमा एक अथवा दुई खाद्य पदार्थहरु पूरक रासनको रूपमा उपलब्ध गराउने र

(३) निश्चित समूहका व्यक्तिहरूका (साना केटाकेटी, एच्आईभी भएका व्यक्ति, कुपोषित व्यक्तिहरू आदि) आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था ।

(४) बालबालिका, सुत्केरी तथा वृद्ध वृद्धा नागरिकको लागि आवश्यक पर्ने पोषणयूक्त खाद्यसामाग्रीको व्यवस्था ।

- मापदण्ड बमोजिमको किट (Kit) – सिफारिस

  चामल – प्रतिदिन प्रतिव्यक्ति ४०० ग्राम, दाल – प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम

  वनस्पति तेल – प्रतिदिन प्रतिव्यक्ति २५ मि.लि., नुन – प्रतिदिन प्रतिव्यक्ति ७.५ ग्राम
- स्थानीय परिस्थितिबमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनुपर्दछ तर पनि शुरुमा घरायसी स्तरमा गरिने वितरण र अन्तिम लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधारमा व्यक्तिका आधारमा वितरण गरिनुपर्दछ ।

**३.४.६ पूर्वतयारी कार्ययोजना :**

खाद्य क्षेत्रले आपत्कालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि निम्नअनुसारको पूर्वतयारी गर्नु पर्दछ ।

